# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, फागुन २८ गते २०६१ साल (अतिरिक्ताङ्क ६०

## भाग २

श्री ५ को सरकार

**कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय**

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०६१ सालको अध्यादेश नं. ३१**

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "नेपाल राष्ट्र बैंक (पहिलो संशोधन) अध्यादेश, २०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २० मा संशोधनः नेपाल राष्ट्र बैंक ऐन, २०५८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २० को खण्ड (ग) को ठाउँ ठाउँ मा रहेका "तथा" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राखिएको छ ।

३. मूल ऐनको दफा ४९ मा संशोधनः मूल ऐनको दफा ४९ को उपदफा (२) मा रहेका "दफा ४८ को" भन्ने शब्दहरु झिकिएका छन् ।

४. मूल ऐनमा दफा ८६क., ८६ख., ८६ग., ८६घ., ८६ङ., ८६च., ८६छ., ८६ज., ८६झ., ८६ञ., ८६ट., ८६ठ., ८६ड. र ८६ढ. थपः मूल ऐनको दफा ८६ पछि देहायका दफा ८६क., ८६ख., ८६ग., ८६घ., ८६ङ., ८६च., ८६छ., ८६ज., ८६झ., ८६ञ., ८६ट., ८६ठ., ८६ड. र ८६ढ. थपिएकाछन् :-

"८६क. वाणिज्य बैंक वा वित्तीय संस्थाले बैंकलाई जानकारी गराउनु पर्नेः कुनै वाणिज्य बैंक वा वित्तीय संस्था प्रचलित कानून बमोजिम दामासाही वा खारेजीमा पर्ने अवस्था भएमा वा त्यस्तो बैंक वा वित्तीय संस्थाले भुक्तानी गर्नु पर्ने कुनै रकम भुक्तानी गर्न नसक्ने वा पूरा गर्नुपर्ने कुनै वा सबै दायित्व पूरा गर्न उल्लेखनीयरुपमा (म्याटेरियल्ली) असमर्थ भएमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाले सोको जानकारी बैंकलाई पन्ध्र दिनभित्र अबिलम्ब गराउनु पर्नेछ ।

८६ख. वाणिज्य बैंक वा वित्तीय संस्था समस्याग्रस्त भएको मानिनेः दफा ८६क. बमोजिमको जानकारी बैंकले प्राप्त गरेकोमा वा दफा ८४ बमोजिमको निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनबाट वा अन्य कुनै पनि तवरबाट कुनै वाणिज्य बैंक वा वित्तीय संस्थामा देहायको कुनै अवस्था विद्यमान रहेको कुरामा बैंक विश्वस्त भएमा बैंकले त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थालाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिखित सूचना दिई समस्याग्रस्त भएको वाणिज्य बैंक वा वित्तीय संस्थाको रुपमा घोषणा गर्नेछ :-

(क) निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हित विपरीत हुने गरी कुनै कार्य गरेको देखिएमा,

(ख) आफूले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेमा वा गर्नसक्ने संभावना नभएमा वा भुक्तानी गर्नु पर्ने रकम भुक्तानी गर्न नसकेमा,

(ग) दामासाहीमा परेको वा पर्न लागेको वा उल्लेखनीय रुपमा आर्थिक कठिनाई भोगिरहेको भएमा,

(घ) यस ऐन, वाणिज्य बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून, अन्य प्रचलित कानून, इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्त वा बैंकको नियमन, निर्देशन वा आदेशको अवज्ञा वा उल्लघंन गरेको देखिएमा,

(ङ) झुट्टा, जालसाज, गलत कागजात वा तथ्य पेश गरी इजाजतपत्र प्राप्त गरेको देखिन आएमा,

(च) यस ऐन, वाणिज्य बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून तथा बैंकले समय समयमा दिएको निर्देशन बमोजिमको न्यूनतम पूँजी कायम गर्न नसकेमा,

(छ) प्रचलित कानून बमोजिम कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाको खारेजी (लिक्विडेशन) वा दामासाही सम्बन्धी कानूनी कारबाही अघि बढाइएको भएमा,

(ज) स्वेच्छिक खारेजीको कारबाही शुरु भएकोमा त्यस्तो कारबाही पूरा गर्न अनुचित ढिलाई भएकोमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 65

(झ) कुनै विदेशी वाणिज्य बैंक वा वित्तीय संस्थाको संलग्नतामा स्थापना भएको वाणिज्य बैंक वा वित्तीय संस्था भएमा त्यस्तो विदेशी वाणिज्य बैंक वा वित्तीय संस्था दामासाहीमा वा खारेजीमा परेमा वा खारेजीमा परी लिक्विडेटर नियुक्त भएमा वा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको बैंकिंग कारोबार गर्ने इजाजतपत्र सम्बन्धित मुलुकको कानून बमोजिम खारेज भएमा वा कारोबारमा आंशिक वा पूर्णरुपले प्रतिबन्ध लागेमा वा त्यस्ता वाणिज्य बैंक वा वित्तीय संस्थासंग सम्मिलित भई बैंकिंग कारोबार सञ्चालन गरेको देखिएमा, वा

(ञ) वाणिज्य बैंक वा वित्तीय संस्थाले आफूले गर्नुपर्ने भुक्तानी वा पूरा गर्नु पर्ने दायित्व वा काम कर्तव्यमा प्रतिकूल असर पार्ने अवस्था विद्यमान भएको कुरामा बैंक विश्वस्त भएमा ।

८६ग. <u>समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थालाई बैंकले कारबाही गर्न सक्ने</u>: (१) दफा ८६ख. बमोजिम बैंकले कुनै वाणिज्य बैंक वा वित्तीय संस्था समस्याग्रत भएको घोषणा गरेमा कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थालाई बैंकले देहायको कुनै वा सबै कारबाही गर्ने आदेश दिन सक्नेछ :-

(क) नयाँ शेयर जारी गरी वा जारी पूँजीको भुक्तानी हुन बाँकी रकम भुक्तानी गर्न लगाई चुक्ता पूँजी बृद्धि गर्न लगाउने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) शेयरधनीहरुको मताधिकार वा अन्य अधिकारहरु आवश्यकता अनुसार निलम्बन गर्ने,

(ग) पूँजी वृद्धि गर्न शेयरधनीहरुलाई प्रदान गरिने लाभांश वा अन्य रकमहरु निश्चित अवधिका लागि बितरण गर्न रोक लगाउने,

(घ) सञ्चालक तथा अन्य उच्च पदाधिकारीहरुलाई प्रदान गरिने बोनस, पारिश्रमिक, क्षतिपूर्ति तथा अन्य रकमहरुको बितरणको सीमा निर्धारण गर्ने,

(ङ) वाणिज्य बैंक वा वित्तीय संस्थाको सुशासन, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउने,

(च) निक्षेप स्वीकार, कर्जा प्रवाह वा लगानीमा प्रतिबन्ध लगाउने वा सोको सीमा तोक्ने,

(छ) पूँजीको पर्याप्तता तथा तरलताको अनुपात उच्च राख्न लगाउने वा व्यवसायिक कारोबारमाथि प्रतिबन्ध लगाउने वा अन्य आवश्यक शर्त तोक्ने,

(ज) वाणिज्य बैंक वा वित्तीय संस्थाको कारोबार सीमित गर्ने वा जायजेथाको बिक्री गर्न वा शाखा विस्तार गर्न रोक लगाउने वा स्वदेश वा विदेशका कुनै शाखा कार्यालय बन्द गर्न लगाउने,

(झ) गुणात्मक रुपले शंकास्पद देखिएका सम्पत्ति र यथार्थ मूल्य अभिलेखन नभएका धितो वा अन्य सम्पत्तिहरुको जोखिम कम गर्न आवश्यक व्यवस्था मिलाउने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

(ञ) प्रचलित कानून तथा बैंकको नियमन उल्लंघन गरी अनियमित तरिकाबाट सम्बन्धित वाणिज्य बैंक वा वित्तीय संस्थालाई हानि नोक्सानी पुग्न जाने कार्यमा रोक लगाउने,

(ट) वाणिज्य बैंक वा वित्तीय संस्थाले गर्न पाउने कार्यहरु मध्ये कुनै खास प्रकृतिको काम कारबाही कुनै खास अवधिका लागि गर्न रोक लगाउने,

(ठ) मुख्य मुख्य पूँजीगत खर्चगर्दा उल्लेखनीय रुपमा दायित्व व्यहोर्नु पर्नेगरी प्रतिबद्धता जनाउंदा वा सम्भावित दायित्वमा खर्च गर्दा बैंकको पूर्व स्वीकृति लिनु पर्ने,

(ड) आवश्यकता अनुसार एक वा एकभन्दा बढी सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई हटाउन लगाउने,

(ढ) खण्ड (ड) बमोजिमको आदेश दिंदा सम्बन्धित वाणिज्य बैंक वा वित्तीय संस्थाले सो आदेशमा उल्लिखित सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई नहटाएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकले त्यस्ता सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई आफै हटाउन सक्नेछ।

(ण) वाणिज्य बैंक वा वित्तीय संस्थाको सञ्चालक समिति निलम्बन गर्ने र त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई आफैं वा आफूद्वारा नियुक्त अधिकारी मार्फत त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
62

व्यवस्थापन तथा कारोबार सञ्चालन गर्ने गराउने,

स्पष्टिकरण: "नियुक्त अधिकारी" भन्नाले यस खण्ड बमोजिम बैंकले आफ्नो नियन्त्रणमा लिएको वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्न बैंकद्वारा नियुक्त कुनै एक वा एकभन्दा बढी ब्यक्ति, फर्म, कम्पनी वा संस्था संझनु पर्छ ।

(त) धितोपत्र बजारमा सूचीकृत वाणिज्य बैंक वा वित्तीय संस्थालाई धितोपत्र बजारबाट आफ्नो नाम हटाउन आवेदन दिन लगाउने,

(थ) वाणिज्य बैंक वा वित्तीय संस्थाको सुरक्षण नराखेको सहायक आवधिक ऋणको साँवा तथा ब्याज भुक्तानीमा प्रतिबन्ध लगाउने,

(द) बैंकले आवश्यक र उपयुक्त देखेका अन्य कुनै काम कारबाही गर्ने ।

(२) उपदफा (१) को खण्ड (ढ) बमोजिम वाणिज्य बैंक वा वित्तीय संस्थाका सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई हटाउने आदेश दिंदा वा खण्ड (ण) बमोजिम वाणिज्य बैंक वा वित्तीय संस्थाको ब्यवस्थापन आफ्नो नियन्त्रणमा लिई त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको सञ्चालक समिति निलम्बन गर्दा त्यस्ता सञ्चालक, ब्यवस्थापक, कर्मचारी वा सञ्चालक समितिलाई सुनुवाईको मनासिब मौकाबाट बन्चित गरिने छैन ।

तर त्यस्तो मौका दिंदा वाणिज्य बैंक वा वित्तीय संस्था वा सोका निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हितमा प्रतिकूल असर पर्ने देखिएमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई तत्काल निजको पद वा सेवाबाट हटाउन आदेश दिने वा सञ्चालक समिति निलम्बन गरी यथासंभव छिटो सुनुवाईको मौका प्रदान गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिमको कारबाहीका सम्वन्धमा सुनुवाई गर्दा सो कारबाही मनासिब नदेखिएमा बैंकले उपदफा (१) को खण्ड (ढ) वा (ण) बमोजिमको आदेशलाई बदर गर्न, परिवर्तन गर्न वा अन्य मनासिब निर्णय गर्न सक्नेछ ।

(४) उपदफा (१) को खण्ड (ण) बमोजिम बैंकले कुनै वाणिज्य बैंक वा वित्तीय संस्था आफ्नो नियन्त्रणमा लिई सोही खण्डमा उल्लिखित कुनै पनि तवरबाट वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित वाणिज्य बैंक वा वित्तीय संस्थाले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ण) बमोजिम बैंकले दिएको आदेशको अवधि बैंकले अर्को त्यस्तै आदेशद्वारा थप नगरेसम्म सामान्यतया दुई वर्षसम्म कायम रहनेछ ।

(६) उपदफा (१) को खण्ड (ण) बमोजिम बैंकले कुनै वाणिज्य बैंक वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिएकोमा सोको प्रारम्भिक प्रतिवेदन र तत्पश्चात बैंक वा बैंकद्वारा नियुक्त अधिकारीले तयार पारेको वार्षिक प्रतिवेदन श्री ५ को सरकारको जानकारीको लागि पठाउनेछ ।

(७) उपदफा (१) को खण्ड (ड), (ढ), (ण) र (त) बमोजिम दिइएको आदेश बैंकले आवश्यक ठानेमा अर्को आदेशबाट फिर्ता लिन वा बदर गर्न सक्नेछ । त्यसरी अर्को आदेश जारी गर्दा त्यस्तो आदेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जारी गर्नु पर्ने आधार तथा कारण र अन्य आवश्यक कुराहरु सो आदेशमा उल्लेख गर्नु पर्नेछ ।

(८) उपदफा (१) को खण्ड (ढ) बमोजिम बैंकको आदेशबाट हटाइएका सञ्चालक, व्यवस्थापक वा कर्मचारीले त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको सञ्चालक, व्यवस्थापक वा कर्मचारीको पद वा कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थाको कुनै पनि पदमा रही वा अन्य कुनै पनि तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बद्ध भई कुनै काम कारोबार समेत गर्न पाउने छैन ।

(९) उपदफा (१) को खण्ड (ढ) बमोजिम हटाइएको कुनै पनि सञ्चालक, व्यवस्थापक वा कर्मचारी वा खण्ड (ण) बमोजिम निलम्बन भएको सञ्चालक समितिका सदस्यहरुले सो आदेश भएको मितिदेखि प्रचलित कुनै कानून बमोजिम वा निजहरुसंग कुनै प्रत्यक्ष वा अप्रत्यक्ष संझौता भएको भए सो सम्झौतामा उल्लिखित कुनै पनि पारिश्रमिक वा क्षतिपूर्तिको दावी गर्न पाउने छैनन् ।

(१०) समस्याग्रस्त कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थाको पूँजीको निर्धारण, सम्पत्ति तथा दायित्वको मूल्यांकन बैंकले तोकिदिए बमोजिमको आधार, प्रक्रिया र मापदण्ड बमोजिम हुनेछ ।

८६घ. बैंकले वाणिज्य बैंक वा वित्तीय संस्था नियन्त्रणमा लिएपछिको असर : (१) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिमको आदेश दिई बैंकले कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई सोको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्दा गराउंदाको अवस्थामा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाका सञ्चालक, व्यवस्थापक तथा कर्मचारीले त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति, जायजेथा तथा सम्पूर्ण कारोबार तथा सोको विवरण र कारोबार सञ्चालन गर्न आवश्यक पर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

सम्पूर्ण सहयोग तथा सुविधाहरु बैक वा बैंकबाट नियुक्त भएको अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम बैंकले कुनै वाणिज्य बैंक वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिने आदेश दिएकोमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा सञ्चालन गर्न नियुक्त अधिकारीले बैंकले दिएको आदेशको परिधिभित्र रही सो आदेश उपर बैंकले अन्यथा निर्णय नगरेसम्म त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा कारोबार आफ्नो नियन्त्रणमा लिई सोको सञ्चालन त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको नामबाट गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकले आफ्नो नियन्त्रणमा लिएको कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा सञ्चालन गर्न नियुक्त अधिकारीले त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्था, सोको सञ्चालक समिति, शेयरधनी वा व्यवस्थापकलाई प्रचलित कानून, त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीले प्रदान गरेको सम्पूर्ण अधिकार आवश्यकता अनुसार प्रयोग गर्न सक्नेछ र त्यस्तो अधिकारीले त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको साधारण सभा वा विशेष साधारण सभाले गर्ने काम वा अन्य कुनै प्रकारले प्रयोग गर्न पाउने अधिकारको समेत प्रयोग गर्न सक्नेछ ।

(४) कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिएको बैंकको आदेश बहाल रहेसम्म दफा ८६ग. को उपदफा (१) को खण्ड (ढ) बमोजिम हटाइएका सञ्चालक, व्यवस्थापक वा कर्मचारी तथा खण्ड (ण) बमोजिम निलम्बन गरिएको सञ्चालक समितिको सदस्यलाई त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा सञ्चालन गर्न बैंकबाट नियुक्त अधिकारीले लिखित स्वीकृति नदिएसम्म समस्याग्रस्त रहेको अवधिभर त्यस्ता सञ्चालक,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थापक वा कर्मचारीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापनमा संलग्न हुन वा कुनै प्रकारको पारिश्रमिक वा सुविधा लिन पाउने छैन ।

८६ङ. <u>बैंक वा बैंकबाट नियुक्त अधिकारीले प्रयोग गर्ने सुधारात्मक उपाय तथा अधिकारहरु</u> : (१) कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि बैंकबाट कुनै समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थालाई दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम आफ्नो नियन्त्रणमा लिने आदेश जारी गरी सोको व्यवस्थापन तथा सञ्चालन गर्न बैंक आफै वा बैंकबाट नियुक्त अधिकारीले बैंकको पूर्व स्वीकृति लिई त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको पुनर्संरचना गर्न देहायका कुनै एक वा एकभन्दा बढी सुधारात्मक उपायहरु अवलम्बन गर्न वा गराउन सक्नेछ :-

(क) नेपाल अधिराज्यभित्र वा बाहिर सञ्चालन भैरहेको कुनै कारोबार रद्द वा निलम्बन गर्ने,

(ख) बैंकले तोकिदिएका शर्त तथा मापदण्डका आधारमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति अन्य कुनै वाणिज्य बैंक वा वित्तीय संस्थालाई बिक्री गर्ने,

(ग) त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थामा कार्यरत कर्मचारीको सेवा अन्त्य गर्ने वा निजहरुको स्थानमा आवश्यकता अनुसार नयाँ कर्मचारी खटाउने,

(घ) आवश्यक देखिएमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थालाई अन्य वाणिज्य बैंक वा वित्तीय संस्थामा गाभ्ने वा त्यस्तो वाणिज्य बैंक वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वित्तीय संस्थाको कुनै वा सबै सम्पत्ति तथा दायित्व अन्य कुनै वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य कुनै निकायमा हस्तान्तरण गर्ने प्रबन्ध मिलाउने,

(ङ) बैंकले तोकेको मापदण्डको अधीनमा रही तत्काल कायम रहेका शेयरधनीहरुको सहभागिता कम गराउन अन्य व्यक्तिहरुलाई शेयर बिक्री गरी पूँजी बृद्धि गर्ने वा सञ्चालक समितिको पुनर्गठन गरी त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको पुनर्संरचना गर्ने,

(च) दफा ८६ज. बमोजिम त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्तिको वास्तविक मूल्य प्रतिबिम्बित हुने गरी पूँजी घटाउने र शेयरको अंकित मूल्य सोही पूँजीको अनुपातमा समायोजन गर्ने,

(छ) निक्षेपकर्ता, शेयरधनी, साहू तथा सर्वसाधारणको हितकालागि आवश्यक व्यवस्थापकीय पुनर्संरचना गर्ने वा सुचारु रुपले कारोबार सञ्चालन हुन नसकेको वाणिज्य बैंक वा वित्तीय संस्थाको शाखा तथा कारोबार बन्द गरी संस्थागत पुनर्संरचना गर्ने,

(ज) समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थालाई सक्षम बनाउन आफूले तोकिदिए बमोजिमका अन्य उपायहरु अबलम्बन गर्ने गराउने ।

(२) कुनै वाणिज्य बैंक वा वित्तीय संस्था उपर उपदफा (१) को खण्ड (च) वा (छ) बमोजिम कुनै निर्णय लिनुपर्दा सो विषयमा निर्णय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

लिनुअघि सरोकारवालालाई मनासिब सुनुवाईको मौका दिनु पर्नेछ ।

तर अग्रीम सुनुवाईको मौका प्रदान गर्दा सोको निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हितमा प्रतिकूल असर पर्छ भन्ने बैंकलाई लागेमा त्यस्तो निर्णय लिई यथासंभव छिटो सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ र त्यसरी भएको सुनुवाईबाट बैंक सन्तुष्ट हुने कारण र आधार खुल्न आएमा सो निर्णयलाई आवश्यकता अनुसार परिवर्तन वा खारेज गर्न सकिनेछ ।

८६च. उपचारात्मक कार्य गर्ने बैंकको अधिकारः (१) बैंकले दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको नियन्त्रण आफूले लिएको एक वर्षभित्र त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको व्यवस्थापन परीक्षण वा लेखा परीक्षण गरी वा गराई सोको प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन परीक्षण वा लेखा परीक्षण प्रतिवेदनको आधारमा कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि बैंक आफूले नियन्त्रणमा लिएको कुनै वाणिज्य बैंक वा वित्तीय संस्था राम्रोसंग सञ्चालन हुन सक्छ भन्ने कुरामा बैंक विश्वस्त भएमा बैंकले आवश्यकता अनुसार देहायका उपचारात्मक कार्यहरु गर्न सक्नेछ :-

(क) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम निलम्बित सञ्चालक समितिको निलम्बन फुकुवा गरी पुनः सोही सञ्चालक समितिलाई व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न आदेश दिने,

(ख) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम निलम्बित सञ्चालक समितिलाई बर्खास्त गरी त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वाणिज्य बैंक वा वित्तीय संस्थाका शेयरधनीहरु मध्येबाट नयाँ सञ्चालक समितिको गठन गरी व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न लगाउने,

(ग) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम निलम्बित सञ्चालक समितिलाई बर्खास्त गरी त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको साधारण सभा बोलाई सोको व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न नयाँ सञ्चालक समितिको गठन गर्ने गराउने, वा

(घ) बैंकले उपयुक्त देखेको अन्य कुनै उपचारात्मक उपाय अवलम्बन गर्ने ।

(३) उपदफा (१) बमोजिमको व्यवस्थापन परीक्षण वा लेखा परीक्षण प्रतिवेदन वा बैंकद्वारा नियुक्त अधिकारीको प्रतिवेदनको आधारमा बैंकले सार्वजनिक सूचना प्रकाशन गरी देहाय बमोजिमका कार्यहरु गर्ने गराउने आदेश दिन सक्नेछ :-

(क) बैंकले तोकेको मापदण्डको अधीनमा रही आवश्यकतानुसार नेपाल धितोपत्र वोर्ड र नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाका प्रतिनिधि तथा अन्य बाह्य विशेषज्ञ समेत समावेश गरी गठन गरेको समितिले निर्धारण गरिदिएको मूल्य भुक्तानी पाउनेगरी कुनै शेयरधनीलाई निजको नाममा रहेको शेयरको स्वामित्व बैंकले उचित ठहराएको कुनै व्यक्तिलाई बिक्री, वितरण तथा हस्तान्तरण गर्न लगाउने,

(ख) बैंकले निर्धारण गरेका शर्त तथा आधारको परिधिभित्र रही समस्याग्रस्त


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार
50

वाणिज्य बैंक वा वित्तीय संस्थाको कुनै वा सबै सम्पत्ति तथा दायित्व अन्य वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायमा खण्डिकृत वा एकमुष्ट रुपमा हस्तान्तरण गर्ने गराउने,

(ग) दफा ८६ञ. को परिधिभित्र रही समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको केही वा सबै सम्पत्ति तथा दायित्व बैंकले निर्धारण गरेका शर्त तथा आधार बमोजिम अन्य कुनै वाणिज्य बैंक, वित्तीय संस्था वा बैंकले उचित ठहराएको अन्य कुनै निकायमा गाभ्ने,

(घ) दफा ८६ञ. र ८६ट. बमोजिम समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गर्ने गरी श्री ५ को सरकारको लगानीमा नयाँ वाणिज्य बैंक वा वित्तीय संस्था स्थापना गर्ने गराउने ।

(४) उपदफा (३) को खण्ड (क) बमोजिम कुनै कारणले शेयर बिक्री, बितरण तथा हस्तान्तरण हुन नसकेमा त्यस्तो शेयर बैंकले जफत गरिदिन सक्नेछ र त्यसरी जफत गरिएको शेयर बैंकले उपयुक्त ठहऱ्याएको तरिकाबाट अरु कसैलाई बिक्री, बितरण तथा हस्तान्तरण गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको निर्णय कुनै वाणिज्य बैंक वा वित्तीय संस्था उपर लिनु पर्दा बैंकले प्रस्तावित विषयमा निर्णय लिनुअघि सरोकारवालालाई मनासिव माफिकको सुनुवाईको मौका दिनु पर्नेछ ।

तर अग्रीम सुनुवाईको मौका प्रदान गर्दा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्था, सोका निक्षेपकर्ता, शेयरधनी, साहु वा सर्वसाधारणको हितमा प्रतिकूल असर पर्छ भन्ने बैंकलाई लागेमा त्यस्तो निर्णय लिई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यथासंभव छिटो सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ र त्यसरी भएको सुनुवाईबाट बैंक सन्तुष्ट हुने कारण र आधार खुल्न आएमा सो निर्णयलाई आवश्यकता अनुसार परिवर्तन वा खारेज गर्न सकिनेछ।

८६छ. खारेजीको लागि निबेदन दिन सक्ने : कुनै समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्था उपर दफा ८६ग. बमोजिमको कारबाही चलाउंदा, दफा ८६ङ. बमोजिमको सुधारात्मक उपाय अवलम्वन गर्दा वा दफा ८६च. बमोजिमको उपचारात्मक कार्य गर्दा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न असमर्थ भएको वा राम्रोसंग सञ्चालन हुन नसक्ने अवस्थामा पुगेको कुरामा बैंक विश्वस्त भएमा बैंकले त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थालाई खारेज गर्न पुनरावेदन अदालतमा निवेदन दिन सक्नेछ।

८६ज. समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको पूँजी घटाउन सक्ने: (१) कम्पनी ऐन तथा अन्य प्रचलित कानून वा समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम बैंकले समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिएपछि त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजी क्षय भएको वा शेयरधनीबाट चुक्ता हुनु पर्ने रकम चुक्ता नभएको वा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको दायित्व सम्पत्तिले नखाम्ने देखिएमा त्यसरी क्षय भएको वा सम्पत्तिले नखाम्ने हदसम्मको पूँजीको अंश रद्द गरी शेयर पूँजी घटाउन सक्नेछ।

तर त्यसरी शेयर पूँजी घटाउनु अघि बैंकले सोको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तिमा दुई पटक प्रकाशन गर्नु पर्नेछ।

(२) कम्पनी ऐन, अन्य प्रचलित कानून तथा समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ८६च. को उपदफा (३) को खण्ड (ख),


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) वा (घ) बमोजिम कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाको कुनै वा सबै सम्पत्ति तथा दायित्व अर्को वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य कुनै निकायमा सार्ने आदेश वा निर्णय बैंकले गरेकोमा सोको सूचना राष्ट्रिय स्तरका दैनिक पत्रिकामा कम्तिमा दुई पटक प्रकाशन गरी बाँकी शेयर रद्द गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा शेयरको चुक्ता मूल्यको रकम भुक्तानी नगरेका शेयरधनीहरुको हकमा त्यस्तो रकम चुक्ता गर्न बैंकले तीस दिनको समयावधि दिनु पर्नेछ । त्यसरी सूचना जारीगर्दा माग गरिएको रकम चुक्ता नगर्ने शेयरधनीहरुको शेयर बैंकले रद्द गर्ने प्रक्रिया अगाडि बढाउन सक्नेछ र दामासाहीमा वा खारेजीमा परेको वाणिज्य बैंक वा वित्तीय संस्थाको शेयरको हकमा बैंकले त्यस्तो शेयर पूँजीको न्यूनतम मूल्य कायम गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम बैंकले समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको शेयर पूँजी घटाएमा वा उपदफा (३) बमोजिम शेयर रद्द गरेमा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा सोही बमोजिम स्वतः संशोधन भएको मानिनेछ ।

८६झ. बैंकको आदेश उपर पुनरावेदन गर्ने अधिकारः (१) दफा ८६ग., ८६घ., ८६ङ., ८६च. र ८६ज. बमोजिम बैंक वा बैंकबाट नियुक्त अधिकारीले गरेको कुनै कार्य, आदेश, निर्णय वा कारबाही उपर चित्त नबुझेमा त्यस्तो कार्य, आदेश, निर्णय वा कारबाही उपर पन्ध्र दिनभित्र समिति समक्ष पुनरावेदन गर्ने अधिकार त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाका शेयरधनीको प्रतिनिधिलाई मात्र हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "शेयरधनीको प्रतिनिधि" भन्नाले तत्काल कायम रहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

चुक्ता पूँजीको कम्तिमा पच्चिस प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरी शेयरधनीहरुले आफुमध्येबाट चुनेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र तत्काल कायम रहेको चुक्ता पूँजीको कम्तिमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व नहुने गरी परेको पुनरावेदन उपर सुनवाई हुने छैन ।

(३) उपदफा (१) बमोजिम बैंक समक्ष पुनरावेदन परेकोमा सो पुनरावेदन प्राप्त गरेको मितिले तीस दिनभित्र समितिले सम्बद्ध प्रमाण, आधार र कारणहरु खुलाई बैंक वा बैंकले नियुक्त गरेको अधिकारीले गरेको कार्य, आदेश, निर्णय वा कारबाही, समर्थन, पुनरावलोकन वा बदर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको निर्णयको जानकारी समितिले पन्ध्र दिनभित्र सम्बन्धित शेयरधनीको प्रतिनिधिलाई दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम बैंक वा बैंकले नियुक्त गरेको अधिकारीले गरेको कार्य, आदेश, निर्णय वा कारबाही समितिले बदर गरेकोमा बाहेक त्यस्ता काम कारबाहीहरु यथावत कायम रहनेछन् ।

(६) शेयरधनीको प्रतिनिधिको पुनरावेदन उपर उपदफा (३) बमोजिम समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

८६ञ. समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व हस्तान्तरण गर्न सक्ने : (१) दफा ८६च. को उपदफा (३) को खण्ड (ख), (ग) वा (घ) बमोजिम समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको केही वा सबै सम्पत्ति तथा दायित्व हस्तान्तरण गर्न बैंकले आदेश गरेकोमा त्यस्तो आदेशको सूचना सार्वजनिक रुपमा प्रकाशन गरी बैंकले उचित ठहऱ्याएका शर्त तथा मापदण्डका आधारमा अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वाणिज्य बैंक वा वित्तीय संस्था वा निकायमा हस्तान्तरण गर्न सक्नेछ ।

(२) बैंकले समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको जायजेथाको यथार्थ, विस्तृत तथा संवेदनशील विषयको जानकारी वा सम्पत्ति तथा कारोबारको विवरण त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गर्न इच्छुक वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायलाई गोप्यताको शर्त तोकी उपलब्ध गराउन सक्नेछ ।

८६ट. सम्पत्ति तथा दायित्व हस्तान्तरणको आधार : (१) दफा ८६ञ. मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा कुनै पनि समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व अन्य वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण गर्न सकिने छैन :-

(क) निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हित विपरित हुने देखिएमा,

(ख) सम्पत्ति तथा दायित्वसंग सम्बन्धित कारोबार सक्षम तरिकाबाट सञ्चालन गर्न सक्ने तथा निक्षेपकर्ता, शेयरधनी तथा साहूप्रतिको दायित्व बहन गर्न सक्ने नदेखिएमा,

(ग) सम्पत्ति तथा दायित्व हस्तान्तरण गरी लिने वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायले सम्पत्तिको समुचित प्रयोग र दायित्व पूरागर्न बैंकले तोकेको शर्तमा लिखित सहमति जनाउन अस्वीकार गरेमा ।

८६ठ. हस्तान्तरणको परिणामः (१) कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकको आदेश बमोजिम समस्याग्रस्त वाणिज्य बैंक वा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

वित्तीय संस्थाको सम्पत्ति र दायित्व अन्य कुनै वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण भएकोमा त्यस्तो आदेशमा तोकिएको मितिदेखि त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति, दायित्व, कारोबार तथा अन्य सम्बद्ध कुराहरुमा देहाय बमोजिम हुनेछ :-

(क) समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व कुनै वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण भएकोमा त्यस्तो सम्पत्ति तथा दायित्वमाथि रहेको सम्पूर्ण अधिकार तथा कर्तव्य त्यस्तो सम्पत्ति तथा दायित्व प्राप्त गर्ने वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायमा स्वत: हस्तान्तरण भएको मानिनेछ ।

(ख) खण्ड (क) बमोजिम सम्पत्ति तथा दायित्व हस्तान्तरण भएकोमा त्यस्तो सम्पत्ति तथा दायित्व प्राप्त गर्ने वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायको नाममा हस्तान्तरण हुन प्रचलित कानून बमोजिम नामसारी लगायत अन्य कार्यविधि पूरा गर्नु पर्ने रहेछ भने सोही बमोजिम सम्बन्धित अधिकारीले नामसारी गरिदिनु पर्नेछ ।

तर नामसारी नभएको कारणले मात्र त्यस्तो सम्पत्ति तथा दायित्व हस्तान्तरण नभएको मानिने छैन ।

(ग) समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गर्ने वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायले लिखित सहमति जनाएका बुंदाहरु तथा बैंकले यस ऐन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र वाणिज्य बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम समय समयमा दिएका निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

(घ) समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व कुनै वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण भएकोमा सोको कार्यान्वयन गर्न हस्तान्तरित सम्पत्ति तथा दायित्वको कारोबारको सीमासम्म यस ऐन बमोजिम प्रदान गरिएको बैंकिंग तथा वित्तीय कारोबार गर्ने इजाजतपत्रमा स्वत: संशोधन भएको मानिनेछ र समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थालाई प्रदान गरेको इजाजतपत्र खारेज भएको मानिनेछ ।

(ङ) समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको हस्तान्तरित सम्पत्ति तथा दायित्वको सीमासम्म त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्थासंग सम्बन्धित तथा त्यस्तो वाणिज्य बैंक वा वित्तीय संस्था पक्ष वा विपक्ष भएका सम्पूर्ण संझौता, करार, अधिकार, प्रतिनिधित्व गर्ने अधिकार, धितो, सुरक्षण, उपकरण जस्ता कुराहरु तथा उत्तरदायित्व त्यसरी सम्पत्ति तथा दायित्व प्राप्त गर्ने वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण भएको मानिनेछ ।

(च) खण्ड (ङ) बमोजिम हस्तान्तरण भएकोमा त्यस्तो सम्पत्ति तथा दायित्व प्राप्त गर्ने वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायले सोको सीमासम्म त्यस्तो समस्याग्रस्त वाणिज्य बैंक वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वित्तीय संस्था पक्ष वा विपक्ष भएका सबै कामकारबाही आफ्नो नामबाट सञ्चालन गर्नेछ ।

८६ड. हस्तान्तरणको आदेश अन्तिम हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम बैंकले कुनै समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व अन्य वाणिज्य बैंक, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण गर्नेगरी दिएको आदेश अन्तिम हुनेछ ।

८६ढ. कामकारबाहीमा रोक लगाउन सक्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकले आवश्यक देखेमा बैंकिंग तथा वित्तीय प्रणालीको स्वस्थ विकास, स्थायित्व तथा निक्षेपकर्ताको हितलाई ध्यानमा राखी देहाय बमोजिम गर्न सक्नेछ :-

(क) समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्था पक्ष वा विपक्ष भएका देवानी प्रकृतिका कुनै पनि कामकारबाही, कारोबार र सोसंग सम्बन्धित कुनै वा सबै मुद्दाको सुनुवाई बढिमा छ महिनासम्म स्थगन गर्ने गरी आदेश जारी गरी पाउन पुनरावेदन अदालतमा निवेदन दिने,

(ख) समस्याग्रस्त वाणिज्य बैंक वा वित्तीय संस्थाको सम्पत्ति, बही, खाता आदि आफ्नो कब्जा वा नियन्त्रणमा लिने ।

५. मूल ऐनको दफा १०८ मा संशोधनः मूल ऐनको दफा १०८ को सट्टा देहायको दफा १०८ राखिएको छ :-

"१०८. शपथग्रहण गर्नेः (१) गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकले आफ्नो ओहदाको काम शुरु गर्नुभन्दा अगाडि गभर्नरले सर्वोच्च अदालतको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीश समक्ष र डेपुटी गभर्नर तथा सञ्चालकले गभर्नर समक्ष अनुसूची बमोजिमको ढांचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) बैंकमा पहिलो पटक नियुक्त कर्मचारी वा सल्लाहकारले आफ्नो ओहदाको काम शुरु गर्नुभन्दा अगाडि तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

६. मूल ऐनको दफा ११० मा संशोधन: मूल ऐनको दफा ११० को,-

(१) उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक ठानेका अन्य विषयहरु ।"

(२) उपदफा (२) को खण्ड (ढ) पछि देहायको खण्ड (ण) थपिएको छ :-

"(ण) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरु"

७. खारेजी र बचाउ: (१) मूल ऐनको दफा ८६ खारेज गरिएको छ ।

(२) सम्बत् २०६१ साल भाद्र ३० गते जारी भएको नेपाल राष्ट्र बैंक (पहिलो संशोधन) अध्यादेश, २०६१ बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची
(दफा १०८ को उपदफा (१) संग सम्बन्धित)

## शपथग्रहण फाराम

म ................................. नेपाल राष्ट्र बैंकको ................................ को पदमा नियुक्त भएकोले सो ............................. पदको कर्तव्य इमान्दारीसाथ पालना गर्नेछु र बैंकको हितलाई सदैव ध्यानमा राख्नेछु । बैंकको कारोबार तथा गोप्य राख्नु पर्ने कुराहरु कहीं कतै प्रकाश पार्ने छैन । ................................. को हैसियतले सञ्चालक समितिले अधिकार दिएको र कानूनले बाध्य गरेको अवस्थामा बाहेक मेरो जानकारीमा आएका जानकारी तथा सूचना पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि प्रकारले कसैलाई जानकारी दिने छैन भनी ईमान धर्म सम्झी सत्य निष्ठापूर्वक शपथ ग्रहण गर्दछु ।

| शपथग्रहण गर्ने पदाधिकारीको | शपथग्रहण गराउने पदाधिकारीको |
|---|---|
| दस्तखत : | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |
| | छाप: |

**लालमोहर सदर मितिः- २०६१।११।२८।६**

**आज्ञाले,**
**डा. कुल रत्न भूर्तेल**
**श्री ५ को सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०० मुद्रण विभाग

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## २०६१ सालको अध्यादेश नं. ३२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## विद्युतीय कारोबार सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

**प्रस्तावनाः** विद्युतीय तथ्याङ्क आदान-प्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय सञ्चार माध्यमबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाई विद्युतीय अभिलेखको सिर्जना, उत्पादन, प्रशोधन, सञ्चय, प्रवाह तथा सम्प्रेषण प्रणालीको मान्यता,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०१

सत्यता, अखण्डता र विश्वसनीयतालाई प्रमाणीकरण तथा नियमित गर्ने व्यवस्था गर्न र विद्युतीय अभिलेखलाई अनधिकृत तबरबाट प्रयोग गर्न वा त्यस्तो अभिलेखमा गैरकानूनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्नका लागि तत्काल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव**बाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस अध्यादेशको नाम "विद्युतीय (इलेक्ट्रोनिक) कारोबार अध्यादेश, २०६१" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो अध्यादेश नेपाल अधिराज्यभर लागू हुनेछ र यो अध्यादेशको उल्लंघन गरी कसूर गर्ने जहाँसुकै रहे बसेको व्यक्ति समेतलाई यो अध्यादेश लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "एसिमेट्रिक क्रिप्टोसिस्टम" भन्नाले डिजिटल हस्ताक्षर सृजना गर्ने निजी साँचो र डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्ने सार्वजनिक साँचो समावेश भएको एक सुरक्षित जोडी साँचो उत्पन्न गर्ने प्रणाली सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र" भन्नाले दफा १८ को उपदफा (३) बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(ग) "उत्पत्तिकर्ता" भन्नाले विद्युतीय अभिलेख उत्पन्न गर्ने, जम्मा गर्ने वा सम्प्रेषण गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्य अन्य कुनै व्यक्तिलाई गर्न लगाउने व्यक्ति समेतलाई जनाउँछ ।

तर सो शब्दले मध्यस्थकर्ता (इन्टरमिडियरी) लाई जनाउने छैन ।

(घ) "कम्प्युटर" भन्नाले विद्युत-चुम्बकीय वा दृश्यगत आवेगहरु परिचालन गरेर तार्किक, अङ्कगणितीय र स्मरणगत कार्य सम्पादन गर्ने विद्युत-चुम्बकीय, दृश्यगत वा अन्य उच्च गतिको तथ्याङ्क प्रशोधन गर्ने संयन्त्र वा प्रणाली सम्झनु पर्छ र सो शब्दले कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कमा कम्प्युटरसँग जोडिएका वा सम्बद्ध रहेका सम्पूर्ण आगत (इन्पुट) निर्गत (आउटपुट), प्रशोधन, सञ्चय गर्ने कार्य तथा कम्प्युटर सफ्टवेयर वा सञ्चार सुविधा समेतलाई जनाउँछ ।

(ङ) "कम्प्युटर तथ्याङ्क आधार" (कम्प्युटर डाटावेस) भन्नाले कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कमा प्रयोग गर्ने उद्देश्यले अक्षर, छवि, ध्वनि वा श्रव्य दृश्यमा औपचारिक तवरले तयार पारिँदै गरेको वा तयार गरिएको वा कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कद्वारा उत्पादन गरिएको सूचना, ज्ञान तथा अवधारणा वा निर्देशनको प्रस्तुतीकरण सम्झनु पर्छ ।

(च) "कम्प्युटर नेटवर्क" भन्नाले एक अर्कासंग अन्तर-आबद्ध वा सञ्चार सम्पर्कमा रहेका दुई वा दुईभन्दा बढी कम्प्युटरहरुको अन्तर-सम्बद्धता सम्झनु पर्छ ।

(छ) "कम्प्युटर प्रणाली" भन्नाले आगत र निर्गत सहायता संयन्त्रहरु लगायतको कम्प्युटर कार्यक्रमहरु, विद्युतीय निर्देशनहरु, आगत र निर्गत तथ्याङ्कहरु समाविष्ट भएको र तार्किक, अङ्कगणितीय, तथ्याङ्क सञ्चय तथा पुन: प्राप्ति, सञ्चार र नियन्त्रण लगायतका कार्यहरु सम्पादन गर्ने कुनै संयन्त्र वा संयन्त्रको समूह सम्झनु पर्छ ।

(ज) "कम्प्युटर सम्पदा" (कम्प्युटर रिसोर्स) भन्नाले कम्प्युटर, कम्प्युटर प्रणाली, कम्प्युटर नेटवर्क, तथ्याङ्क, कम्प्युटर तथ्याङ्क आधार वा सफ्टवेयर सम्झनु पर्छ ।

(झ) "ग्राहक" (सब्स्काइबर) भन्नाले दफा ३१ को उपदफा (३) बमोजिम प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "जोडी साँचो" (की पेयर) भन्नाले कुनै एसिमेट्रिक क्रिप्टोसिस्टममा रहेको निजी साँचो र त्यस्तो साँचोले सिर्जना गर्ने डिजिटल हस्ताक्षरको जाँच सार्वजनिक साँचोले गर्न सक्ने तत्व भएको सो निजी साँचोको गणितीय रुपमा अन्तर आबद्ध सार्वजनिक साँचोको जोडी सम्झनु पर्छ ।

(ट) "तथ्याङ्क" भन्नाले औपचारिक तवरले तयार गरी कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कमा प्रशोधन गर्ने उद्देश्यले राखिएको वा प्रशोधन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२

गरिएको वा कम्प्युटरको स्मरणमा जम्मा गरिएको जुनसुकै स्वरुपमा रहेका सूचना, ज्ञान, तथ्य, अवधारणा वा निर्देशनको प्रस्तुतीकरण सम्झनु पर्छ ।

(ठ) "न्यायाधिकरण" भन्नाले दफा ६० बमोजिम गठन भएको सूचना प्रविधि न्यायाधिकरण सम्झनु पर्छ ।

(ड) "निजी साँचो" (प्राइभेट की) भन्नाले डिजिटल हस्ताक्षर सिर्जना गर्न प्रयोग गरिएको कुनै जोडी साँचोको एक साँचो सम्झनु पर्छ ।

(ढ) "नियन्त्रक" भन्नाले दफा १३ बमोजिम नियुक्त भएको वा तोकिएको नियन्त्रक सम्झनु पर्छ ।

(ण) "डिजिटल हस्ताक्षर" भन्नाले रुपान्तर नभएको प्रारम्भिक विद्युतीय अभिलेख र हस्ताक्षरकारीको सार्वजनिक साँचो भएको व्यक्तिले देहायका कुरा दुरुस्तसँग निर्धारण गर्न सक्ने किसिमका एसिमेट्रिक क्रिप्टोसिस्टम प्रयुक्त भएको विद्युतीय अभिलेखको रुपान्तरणमा समावेश हुने कुनै विद्युतीय स्वरुपमा गरिएको हस्ताक्षर सम्झनु पर्छः-

(१) हस्ताक्षरकर्ताको सार्वजनिक साँचोसँग सङ्गति राख्ने किसिमको निजी साँचो प्रयोग गरेर विद्युतीय अभिलेखको रुपान्तरणको सिर्जना गरिएको थियो वा थिएन, र

(२) विद्युतीय अभिलेखको रुपान्तरण गरिएदेखि प्रारम्भिक विद्युतीय अभिलेख परिवर्तन गरिएको छ वा छैन ।

(त) "पहुँच" (एक्सेस) भन्नाले कुनै कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कको तार्किक, अङ्कगणितीय वा स्मरण कार्य सम्पदाहरुमा प्रवेश प्राप्त गर्ने, त्यस्ता सम्पदाहरुलाई निर्देशन दिने वा त्यस्ता सम्पदाहरुसंग सञ्चार सम्पर्क गर्न सक्ने अवसर सम्झनु पर्छ ।

(थ) "पुनरावेदन न्यायाधिकरण" भन्नाले दफा ६६ बमोजिम गठन भएको सूचना प्रविधि पुनरावेदन न्यायाधिकरण सम्झनु पर्छ ।

(द) "प्रमाणपत्र" भन्नाले दफा ३० बमोजिम प्रमाणीकरण गर्ने निकायले जारी गरेको डिजिटल हस्ताक्षर प्रमाणपत्र सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०४

(ध) "प्रमाणीकरण अभ्यास विवरणपत्र" (सर्टिफिकेशन प्राक्टिस स्टेटमेण्ट) भन्नाले डिजिटल हस्ताक्षर प्रमाणपत्र जारी गर्दा प्रमाणीकरण गर्ने निकायले लागू गर्ने अभ्यासहरु निश्चित गर्न प्रमाणीकरण गर्ने निकायद्वारा जारी गरिएको कुनै विवरणपत्र सम्झनु पर्छ।

(न) "प्रमाणीकरण गर्ने निकाय" भन्नाले डिजिटल हस्ताक्षर प्रमाणपत्र जारी गर्न दफा १८ को उपदफा (३) बमोजिम इजाजतपत्र प्राप्त प्रमाणीकरण गर्ने निकाय सम्झनु पर्छ।

(प) "प्रापक" भन्नाले उत्पत्तिकर्ताको चाहना अनुरुप सम्प्रेषण गरिएका विद्युतीय अभिलेख प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ।

तर सो शब्दले मध्यस्थकर्ता (इन्टरमिडीयरी) लाई जनाउने छैन।

(फ) "विद्युतीय अभिलेख" (इलेक्ट्रोनिक रेकर्ड) भन्नाले विद्युतीय स्वरुपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, छवि वा ध्वनि सम्झनु पर्छ।

(ब) "विद्युतीय स्वरुप" (इलेक्ट्रोनिक फर्म) भन्नाले कुनै चुम्बकीय, दृश्यगत, कम्प्युटर स्मरण वा अन्य त्यस्तै प्रकारका कुनै संयन्त्रको माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका सूचनाको स्वरुप सम्झनु पर्छ।

(भ) "सार्वजनिक साँचो" (पब्लिक की) भन्नाले डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्न प्रयोग गरिएको कुनै जोडी साँचोको एक साँचो सम्झनु पर्छ।

(म) "सूचना" भन्नाले तथ्याङ्क, अक्षरमा लिपिबद्ध गरिएको विवरण, छवि, ध्वनि, सङ्केत चिन्ह, कम्प्युटर कार्यक्रम, सफ्टवेयर र कम्प्युटर तथ्याङ्क आधार सम्झनु पर्छ।

(य) "सूचना प्रणाली" भन्नाले सूचना सिर्जना गर्ने, उत्पादन गर्ने, सम्प्रेषण गर्ने, प्राप्त गर्ने, जम्मा गर्ने, प्रदर्शन गर्ने वा अन्य किसिमबाट प्रशोधन गर्ने प्रणाली सम्झनु पर्छ।

(र) "सफ्टवेयर" भन्नाले कम्प्युटर हार्डवेयर सञ्चालन गर्ने क्षमता भएको सिस्टम सफ्टवेयर र अप्लिकेशन सफ्टवेयर जस्ता कम्प्युटर प्रणालीको कुनै खास अंश सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ल) "कम्प्युटर सामग्री" भन्नाले कम्प्युटर सम्पदा, कुनै संस्थाले आफ्नो व्यवसायमा प्रयोग गरेका सूचना, त्यस्तो संस्थाले तयार वा खरिद गरेका सफ्टवेयर जस्ता सामग्री, हार्डवेयर तथा कम्प्युटर नेटवर्क जस्ता प्रविधि सम्झनु पर्छ ।

(व) "सरकारी निकाय" भन्नाले श्री ५ को सरकारको मन्त्रालय, सचिवालय, विभाग वा सो अन्तर्गतका कार्यालय, संवैधानिक निकाय वा सो अन्तर्गतका कार्यालय अदालत वा न्यायाधिकरण वा शाही नेपाली सेनाको कार्यालय सम्झनु पर्छ र सो शब्दले त्यस्तै प्रकृतिका अन्य कार्यालय समेतलाई जनाउनेछ ।

(श) "सार्वजनिक संस्था" भन्नाले देहायको संस्था सम्झनुपर्छः-

(१) श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानूनबमोजिम श्री ५ को सरकारद्वारा स्थापित आयोग, संस्था, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(२) श्री ५ को सरकारद्वारा सञ्चालित वा श्री ५ को सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकाय,

(४) श्री ५ को सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(५) उपखण्ड (१), (२), (३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था,

(६) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था ।

(ष) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-२

## विद्युतीय अभिलेख तथा डिजिटल हस्ताक्षर सम्बन्धी व्यवस्था

३. **विद्युतीय अभिलेखको प्रामाणिकता**: (१) यस दफाको अधीनमा रही कुनै पनि ग्राहकले आफ्नो डिजिटल हस्ताक्षरद्वारा कुनै विद्युतीय अभिलेखलाई प्रामाणिकता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युतीय अभिलेखलाई प्रामाणिकता प्रदान गर्ने कार्य गर्दा त्यस्तो विद्युतीय अभिलेख अर्को विद्युतीय अभिलेखमा हस्तान्तरण हुने कार्य एसिमेट्रिक क्रिप्टोसिस्टम र ह्यास फङ्क्शनको प्रयोगबाट भएको हुन आवश्यक हुनेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "ह्यास फङ्क्शन" भन्नाले उही अभिलेखलाई आगतको रुपमा प्रयोग गरी प्रत्येक पटक अलगोरिदमलाई कार्यान्वयन गर्दा कुनै अभिलेखबाट उही रुपमा ह्यास परिणाम निस्कने, अलगोरिदमबाट उत्पन्न ह्यास परिणामबाट कुनै अभिलेख प्राप्त गर्न वा पुनः संरचना गर्न सकिने भन्ने कुरा गणनाको दृष्टिबाट सम्भव नहुने र अलगोरिदम प्रयोग गरी उही ह्यास परिणाम उत्पन्न गर्ने दुई अभिलेखहरु प्राप्त गर्न गणनाको दृष्टिबाट सम्भव नहुने गरी अलगोरिदमको नक्साङ्कन गर्ने वा बिटहरुको एउटा श्रृङ्खलाबद्ध क्रमलाई सामान्यतया सानो अर्को समूहमा रुपान्तर गर्ने कार्य सम्झनु पर्छ ।

(३) कुनै पनि व्यक्तिले ग्राहकको सार्वजनिक साँचोको प्रयोग गरी विद्युतीय अभिलेखको सम्पुष्टि गर्न सक्नेछ ।

४. **विद्युतीय अभिलेखको कानूनी मान्यता**: प्रचलित कानूनमा कुनै सूचना, लिखत, अभिलेख वा अन्य कुनै कुरा लिखित वा मुद्रित रुपमा राखिएको वा टाइप गरिएको हुनुपर्ने भनी उल्लेख गरिएको भए तापनि त्यस्ता सूचना, लिखत, अभिलेख वा कुरा यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियममा उल्लिखित प्रक्रिया पूरागरी विद्युतीय अभिलेखको रुपमा राखिएको भए त्यस्तो विद्युतीय अभिलेखले पनि कानूनी मान्यता प्राप्त गर्नेछ ।

५. **डिजिटल हस्ताक्षरको कानूनी मान्यता**: प्रचलित कानूनमा कुनै सूचना, लिखत, अभिलेख वा अन्य कुनै कुरालाई हस्ताक्षरद्वारा प्रमाणित गर्नुपर्ने वा कुनै लिखतमा कुनै व्यक्तिको हस्ताक्षर गरिएको हुनुपर्ने भनी उल्लेख गरिएको भए तापनि त्यस्ता सूचना, लिखत, अभिलेख वा कुरा यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियममा उल्लिखित प्रक्रिया पूरा गरी डिजिटल हस्ताक्षरद्वारा प्रमाणित गरिएको भए त्यस्तो डिजिटल हस्ताक्षरले पनि कानूनी मान्यता प्राप्त गर्नेछ ।

६. **विद्युतीय अभिलेख सुरक्षित राख्नुपर्ने**: प्रचलित कानूनमा कुनै सूचना, लिखत वा अभिलेख कुनै खास अवधिसम्म सुरक्षित राख्नु पर्ने भनी उल्लेख गरिएको भए देहायका शर्तहरु पूरा हुने गरी त्यस्ता सूचना, लिखत वा अभिलेख विद्युतीय स्वरुपमा सुरक्षित राखिएमा त्यस्ता सूचना, लिखत वा अभिलेखले कानूनी मान्यता प्राप्त गर्नेछः-

(क) पछिल्ला प्रसङ्गहरुमा प्रयोग गर्नसकिने गरी पहूँचयोग्य अवस्थामा राखिएको भएमा,

(ख) शुरुमा सिर्जना गरी सम्प्रेषण गरिएको, प्राप्त गरिएको वा जम्मा गरिएको अवस्था कै रुपमा पुनः दुरुस्त रुपमा प्रस्तुत गर्ने गरी प्रदर्शन गर्न सकिने ढाँचामा सुरक्षित राखिएको भएमा,

(ग) उत्पत्ति, गन्तव्य र सम्प्रेषण वा प्राप्तिको मिति तथा समय पहिचान गर्न सकिने विवरण उपलब्ध हुने गरी राखिएको भएमा ।

तर कुनै अभिलेख सम्प्रेषण गर्ने वा प्राप्त गर्ने प्रयोजनको लागि स्वचालित रुपमा सिर्जना हुने कुनै सूचनाको सम्बन्धमा यो खण्डको व्यवस्था लागू हुने छैन ।

७. **कुनै अभिलेखको सक्कल पेश गर्नुपर्ने आवश्यकता विद्युतीय अभिलेखले पूरा गर्ने**: प्रचलित कानूनले कुनै अभिलेखलाई त्यसको मूल वा सक्कल रुपमा पेश गर्नुपर्ने वा सुरक्षित राख्नुपर्ने भनी तोकेको अवस्थामा देहायका शर्त पूरा भएमा त्यस्तो आवश्यकता विद्युतीय अभिलेखबाट पूर्ति भएको मानिनेछः-

(क) विद्युतीय स्वरुपमा पहिलो पटक सिर्जना गरिएको समयदेखि सो अभिलेखमा कुनै पनि किसिमबाट परिवर्तन गरिएको छैन भनी विश्वास गर्न सकिने तोकिए बमोजिमको आधार विद्यमान भएमा,

(ख) त्यस्तो अभिलेखलाई कुनै व्यक्ति समक्ष पेश गर्नुपर्ने गरी अनिवार्य गरिएको अवस्थामा सो अभिलेखलाई जसका समक्ष पेश गरिनुपर्ने हो सो व्यक्तिलाई स्पष्ट रुपमा देखाउन सकिने प्रकृतिको भएमा ।

८. **सुरक्षित विद्युतीय अभिलेखः** तोकिए बमोजिमको सुरक्षण कार्यविधि अपनाई सिर्जना गरिएको विद्युतीय अभिलेखमा कुनै किसिमको हेरफेर गरिएको छ वा छैन भन्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०८

कुराको सम्बन्धमा तोकिए बमोजिम परीक्षण गरिएको भए त्यस्तो विद्युतीय अभिलेखलाई सुरक्षित विद्युतीय अभिलेख मानिनेछ ।

९. **सुरक्षित डिजिटल हस्ताक्षर:** कुनै विद्युतीय अभिलेखमा गरिएको डिजिटल हस्ताक्षरलाई तोकिए बमोजिमको सुरक्षण कार्यविधि अपनाई तोकिए बमोजिम परीक्षण र सम्पुष्टि गरिएको भए त्यस्तो डिजिटल हस्ताक्षरलाई सुरक्षित डिजिटल हस्ताक्षर मानिनेछ ।

## परिच्छेद-३

## विद्युतीय अभिलेखको सम्प्रेषण, प्राप्ति र स्वीकार सम्बन्धी व्यवस्था

१०. **विद्युतीय अभिलेख उत्पत्तिकर्ताको मानिने:** (१) देहायका कुनै अवस्थामा कुनै खास विद्युतीय अभिलेख कुनै उत्पत्तिकर्ताको हो भनी मानिनेछ:-

(क) उत्पत्तिकर्ता आफैले त्यस्तो विद्युतीय अभिलेख सम्प्रेषण गरेको भएमा,

(ख) त्यस्तो विद्युतीय अभिलेखको सम्बन्धमा आवश्यक कार्य गर्न उत्पत्तिकर्ताको तर्फबाट अख्तियारी प्राप्त गरेको व्यक्तिले त्यस्तो विद्युतीय अभिलेख सम्प्रेषण गरेको भएमा,

(ग) उत्पत्तिकर्ता वा निजको तर्फबाट स्वचालित रुपमा सञ्चालन हुने गरी कार्यक्रम बनाइएको कुनै सूचना प्रणालीबाट त्यस्तो विद्युतीय अभिलेख सम्प्रेषण गरिएको भएमा ।

(२) उपदफा (१) बमोजिम सम्प्रेषण गरिएको विद्युतीय अभिलेखको सम्बन्धमा तोकिए बमोजिमको अवस्था विद्यमान भएमा प्रापकले त्यस्तो कुनै विद्युतीय अभिलेख कुनै खास उत्पत्तिकर्ताको हो भन्ने कुरा मानी सोही आधारमा तत्सम्बन्धी कार्य गर्ने अधिकार प्राप्त गर्नेछ ।

११. **विद्युतीय अभिलेखको प्राप्ति स्वीकार गर्ने प्रक्रिया:** (१) उत्पत्तिकर्ताले विद्युतीय अभिलेख पठाउँदाका बखत वा पठाउनु भन्दा अगावै प्रापकलाई सो विद्युतीय अभिलेख प्राप्त भएको कुराको सूचना वा भरपाई पठाउन अनुरोध गरेको वा त्यसरी सूचना वा भरपाई पठाउन प्रापक र उत्पत्तिकर्ताका बीचमा सहमति भएको अवस्थामा त्यस्तो विद्युतीय अभिलेखको प्राप्ति स्वीकार गर्ने सम्बन्धमा उपदफा (२), (३) र (४) का व्यवस्थाहरु लागू हुनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई कुनै खास ढाँचामा वा कुनै खास तरिकाबाट दिनुपर्ने गरी उत्पत्तिकर्ता र प्रापक बीचमा कुनै सम्झौता नभएको अवस्थामा त्यस्तो सूचना वा भरपाई देहाय बमोजिम दिन सकिनेछः-

(क) प्रापकबाट स्वचालित वा अन्य कुनै किसिमको सञ्चार माध्यमद्वारा,

(ख) विद्युतीय अभिलेख प्राप्त भएको कुरा उत्पत्तिकर्तालाई सङ्केत गर्न पर्याप्त हुने किसिमको प्रापकको कुनै व्यवहारद्वारा ।

(३) उत्पत्तिकर्ताले कुनै विद्युतीय अभिलेखको सम्बन्धमा त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्रापकबाट प्राप्त गरेपछि मात्र निजको हकमा त्यस्तो विद्युतीय अभिलेख बन्धनकारी हुने भनी उल्लेख गरेको अवस्थामा प्रापकबाट त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्राप्त नभएसम्म त्यस्तो विद्युतीय अभिलेख उत्पत्तिकर्ताले पठाएको मानिने छैन ।

(४) उत्पत्तिकर्ताले कुनै विद्युतीय अभिलेखको सम्बन्धमा त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्रापकबाट प्राप्त गरेपछि मात्र निजको हकमा त्यस्तो विद्युतीय अभिलेख बन्धनकारी हुने भनी उल्लेख नगरेको अवस्थामा त्यस्तो विद्युतीय अभिलेख प्राप्तिको सूचना वा भरपाईको सम्बन्धमा उत्पत्तिकर्ता वा प्रापक बीच कुनै समय निर्धारण वा मञ्जुरी नभएको भए तोकिए बमोजिमको समय भित्र उत्पत्तिकर्ताले प्रापकबाट त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्राप्त गरिसकेको हुनुपर्ने छ । यसरी प्रापकबाट विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्राप्त नभएमा त्यस्तो विद्युतीय अभिलेख उत्पत्तिकर्ताले पठाएको मानिने छैन ।

(५) विद्युतीय अभिलेखको प्राप्ति स्वीकार गर्ने अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१२. **विद्युतीय अभिलेखको सम्प्रेषण र प्राप्तिको समय तथा स्थानः** (१) उत्पत्तिकर्ता र प्रापक बीचमा अन्यथा सम्झौता भएकोमा बाहेक कुनै विद्युतीय अभिलेख उत्पत्तिकर्ताको नियन्त्रण बाहिरको सूचना प्रणालीमा प्रवेश गरेपछि त्यस्तो विद्युतीय अभिलेखको सम्प्रेषण भएको मानिनेछ ।

(२) उत्पत्तिकर्ता र प्रापक बीचमा अन्यथा सम्झौता भएकोमा बाहेक कुनै विद्युतीय अभिलेखको प्राप्तिको समय तोकिए बमोजिम निर्धारण गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उत्पत्तिकर्ता र प्रापक बीचमा अन्यथा सम्झौता भएकोमा बाहेक कुनै विद्युतीय अभिलेखलाई उत्पत्तिकर्ताको व्यवसाय सञ्चालन हुने स्थानबाट सम्प्रेषण गर्नु पर्ने र प्रापकको व्यवसाय सञ्चालन हुने स्थानमा प्राप्त हुनुपर्ने भनी मानिनेछ ।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनको लागि "व्यवसाय सञ्चालन हुने स्थान" भन्नाले,-

(क) उत्पत्तिकर्ता वा प्रापकको एक भन्दा बढी व्यवसाय सञ्चालन हुने स्थान रहेको अवस्थामा सम्बन्धित कारोबारसंग सम्बद्ध रहेको व्यवसाय सञ्चालन हुने स्थान सम्झनु पर्छ ।

(ख) उत्पत्तिकर्ता वा प्रापकको कुनै व्यवसाय सञ्चालन हुने स्थान नभएको अवस्थामा निजहरुको बसोबासको स्थानलाई नै निजहरुको व्यवसाय सञ्चालन हुने स्थान सम्झनु पर्छ ।

## परिच्छेद-४

## नियन्त्रक तथा प्रमाणीकरण गर्ने निकाय सम्बन्धी व्यवस्था

१३. **नियन्त्रक तथा अन्य कर्मचारीको नियुक्ति**: (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी श्री ५ को सरकारको कुनै अधिकृत कर्मचारी वा तोकिए बमोजिम योग्यता पुगेको कुनै व्यक्तिलाई नियन्त्रकको पदमा नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) श्री ५ को सरकारले यस अध्यादेश बमोजिम नियन्त्रकले गर्नुपर्ने काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार उप–नियन्त्रक र अन्य कर्मचारीहरु नियुक्ति गर्न वा खटाउन सक्नेछ । यसरी नियुक्ति भएका वा खटाइएका कर्मचारीहरुले नियन्त्रकको निर्देशन तथा नियन्त्रणमा रही काम गर्नेछन् ।

१४. **नियन्त्रकको काम, कर्तव्य र अधिकार**: नियन्त्रकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रमाणीकरण गर्ने निकायलाई इजाजतपत्र प्रदान गर्ने,

(ख) प्रमाणीकरण गर्ने निकायको काम कारबाहीको सुपरिवेक्षण र रेखदेख गर्ने,

(ग) प्रमाणीकरण गर्ने निकायले डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्ने सम्बन्धमा कायम गर्नुपर्ने स्तरहरु निर्धारण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) प्रमाणीकरण गर्ने निकायले आफ्नो कारोबार सञ्चालन गर्दा पालन गर्नुपर्ने शर्त निर्धारण गर्ने,

(ङ) प्रमाणपत्रको ढाँचा र त्यस भित्र समाविष्ट हुनुपर्ने विषय वस्तुको निर्धारण गर्ने,

(च) प्रमाणीकरण गर्ने निकायले ग्राहकसंग व्यवहार गर्दा अपनाउनु पर्ने प्रक्रिया निर्धारण गर्ने,

(छ) प्रमाणीकरण गर्ने निकायले यस अध्यादेश बमोजिम प्रकट गरेका सूचनाहरुको अभिलेख खडा गरी सार्वजनिक रुपमा पहुँचयोग्य हुने गरी कम्प्युटर तथ्याङ्क आधारको व्यवस्था गर्ने र सो तथ्याङ्क आधारलाई अद्यावधिक गर्ने,

(ज) तोकिए बमोजिमको अन्य काम गर्ने ।

१५. **इजाजतपत्र प्राप्त गर्नुपर्ने:** कसैले पनि यस अध्यादेश बमोजिम इजाजतपत्र प्राप्त नगरी प्रमाणीकरण गर्ने निकायको काम गर्न वा गराउन हुँदैन ।

१६. **इजाजतपत्र प्राप्त गर्न निवेदन दिनुपर्ने:** (१) यस अध्यादेश बमोजिम प्रमाणपत्र जारी गरी प्रमाणीकरण गर्ने निकायको काम गर्न तोकिए बमोजिमको योग्यता पुगेको इच्छुक व्यक्तिले प्रमाणीकरण गर्ने इजाजतपत्र प्राप्त गर्नका लागि तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर संलग्न राखी नियन्त्रक समक्ष निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने निवेदन साथ निवेदकले देहायका कागजातहरु समेत संलग्न गर्नुपर्ने छ :-

(क) प्रमाणीकरण सम्बन्धी विवरण,

(ख) निवेदकको पहिचान तथा सनाखतको पुष्टि हुने किसिमका कागजातहरु,

(ग) वित्तीय स्रोत, जनशक्ति तथा आवश्यक अन्य सुविधा खुल्ने कागजातहरु,

(घ) तोकिए बमोजिमका अन्य कागजातहरु ।

(३) नियन्त्रकले आवश्यक ठानेमा प्रमाणीकरण गर्ने निकायको रुपमा निवेदकले काम गर्न सक्ने वा नसक्ने सम्बन्धमा निवेदकको उपयुक्तता जाँच गर्न निवेदकसंग आवश्यक थप कागजात तथा विवरण माग गर्न सक्नेछ । यसरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक थप कागजात तथा विवरण माग गरिएमा निवेदकले त्यस्ता कागजात तथा विवरण दाखिला नगरेसम्म निजको निवेदन उपर कुनै कारबाही गरिने छैन ।

१७. **प्रमाणीकरण गर्ने निकायको अन्य काम तथा कर्तव्य :** प्रमाण पत्र जारी गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने काम बाहेक प्रमाणीकरण गर्ने निकायको अन्य काम तथा कर्तव्य तोकिए बमोजिम हुनेछ ।

१८. **इजाजतपत्र प्रदान गर्ने कार्यविधिः** (१) दफा १६ बमोजिमको निवेदन प्राप्त हुन आएमा नियन्त्रकले निवेदकको योग्यता र तोकिए बमोजिमको वित्तीय तथा भौतिक स्रोत, जनशक्ति तथा अन्य सुविधाहरु निवेदकसंग भए नभएको र निवेदकले पेश गरेका कागजात तथा विवरणहरु उपर समेत विचार गरी निजलाई इजाजतपत्र प्रदान गर्ने वा नगर्ने सम्बन्धमा निवेदन दर्ता भएको दुई महिना भित्र निर्णय गरी सो को सूचना निजलाई दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा निर्णय गर्दा नियन्त्रकले निवेदकसंग भएको सुविधा, वित्तीय तथा भौतिक स्रोतहरुको निरीक्षण गर्नसक्ने छ ।

(३) उपदफा (१) बमोजिम निवेदकलाई इजाजतपत्र प्रदान गर्ने गरी नियन्त्रकले निर्णय गरेमा इजाजतपत्रको बहाली अवधि र निवेदकले पालना गर्नुपर्ने शर्तहरु समेत उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई इजाजतपत्र प्रदान गर्नुपर्ने छ ।

(४) इजाजतपत्र प्रदान गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१९. **इजाजतपत्र नवीकरण गर्नुपर्नेः** (१) प्रमाणीकरण गर्ने निकायले प्राप्त गरेको इजाजतपत्र प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको नवीकरण गर्न चाहने प्रमाणीकरण गर्ने निकायले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको नवीकरण दस्तुर संलग्न राखी इजाजतपत्रको बहाली अवधि समाप्त हुनुभन्दा कम्तीमा दुई महिना अघि नियन्त्रक समक्ष निवेदन दिनुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा नियन्त्रकले इजाजतपत्र नवीकरण गर्ने वा नगर्ने भन्ने सम्बन्धमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी इजाजतपत्रको बहाली अवधि समाप्त हुनुभन्दा एक महिना अगावै निर्णय गरिसक्नुपर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नियन्त्रकले इजाजतपत्र नवीकरण नगर्ने निर्णय गर्दा निवेदकलाई तत्सम्बन्धमा आफ्नो भनाइ प्रस्तुत गर्ने मनासिब मौका दिनुपर्ने छ ।

२० **इजाजतपत्र निलम्बन गर्न सक्ने**: (१) प्रमाणीकरण गर्ने निकायले इजाजतपत्र प्राप्त गर्नको लागि नियन्त्रक समक्ष पेश गरेको कागजात वा विवरण र वित्तीय तथा भौतिक स्रोत फरक वा झुट्ठा भएमा वा कारोबार सञ्चालन गर्दा पालन गर्नुपर्ने शर्तको पालना नगरेमा वा यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियमको उल्लंघन गरेको पाइएमा नियन्त्रकले तत्सम्बन्धमा जाँचबुझ पूरा नभएसम्मका लागि प्रमाणीकरण गर्ने निकायको इजाजतपत्र निलम्बन गर्नसक्ने छ ।

तर त्यसरी इजाजतपत्र निलम्वन गर्नु अघि प्रमाणीकरण गर्ने निकायलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्ने छ ।

(२) इजाजतपत्र निलम्बन गर्ने सम्बन्धी अन्य कार्यविधि र तत्सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **इजाजतपत्र रद्द गर्न सक्ने**: (१) प्रमाणीकरण गर्ने निकायको काम कारबाहीका सम्बन्धमा तोकिए बमोजिमको रीत पुऱ्याई भएको जाँचबुझबाट देहायका कुनै कुरा हुन गएको छ भन्ने कुरामा नियन्त्रक विश्वस्त भएमा नियन्त्रकले यस अध्यादेश बमोजिम जारी गरेको इजाजतपत्र जुनसुकै बखत रद्द गर्न सक्नेछः-

(क) यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम अन्तर्गत पालन गर्नुपर्ने दायित्व प्रमाणीकरण गर्ने निकायले पालना नगरेकोमा,

(ख) प्रमाणीकरण गर्ने निकायले इजाजतपत्र प्राप्त गर्नको लागि निवेदन दिंदाका वखत वा इजाजतपत्र नवीकरणको लागि निवेदन दिंदाका बखत झुट्ठा वा गलत विवरण तथा कागजात दाखिला गरेको देखिएकोमा,

(ग) प्रमाणीकरण गर्ने निकायले सार्वजनिक हित वा राष्ट्रिय अर्थतन्त्रलाई प्रतिकूल असर पर्ने किसिमबाट कारोबार सञ्चालन गरेकोमा,

(घ) प्रमाणीकरण गर्ने निकायले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम अन्तर्गत कसूर ठहरिने कुनै काम गरेकोमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
198

(२) उपदफा (१) बमोजिम नियन्त्रकले इजाजतपत्र रद्द गर्नु अघि प्रमाणीकरण गर्ने निकायलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्ने छ ।

(३) इजाजतपत्र रद्द गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. **इजाजतपत्र निलम्बन वा रद्द गरिएको सूचनाः** (१) नियन्त्रकले दफा २० वा २१ बमोजिम कुनै प्रमाणीकरण गर्ने निकायको इजाजतपत्र निलम्बन वा रद्द गर्ने गरी गरेको निर्णयको सूचना त्यस्तो प्रमाणीकरण गर्ने निकायलाई लिखित रुपमा दिनुपर्ने छ र त्यस्तो सूचना आफ्नो कम्प्युटर तथ्याङ्क आधारमा राखी विद्युतीय स्वरुपमा समेत प्रकाशन गर्नुपर्ने छ ।

(२) नियन्त्रकले इजाजतपत्र निलम्बन वा रद्द गरेको निर्णयको सूचना नेपाली र अंग्रेजी भाषाका कम्तीमा दुईवटा राष्ट्रिय दैनिक पत्रिकामा दुई पटकसम्म प्रकाशन गर्नु पर्नेछ ।

तर त्यस्तो सूचना प्रकाशन नभएको कारणबाट नियन्त्रकले दफा २० वा २१ बमोजिम इजाजतपत्र निलम्बन वा रद्द गर्ने गरी गरेको निर्णय उपर कुनै असर पर्ने छैन ।

२३. **प्रमाणीकरण गर्ने विदेशी निकायलाई मान्यता दिन सक्नेः** (१) नियन्त्रकले कुनै विदेशी मुलुकको कानून बमोजिम प्रमाणपत्र जारी गर्ने इजाजतपत्र प्राप्त गरेको प्रमाणीकरण गर्ने निकायलाई श्री ५ को सरकारको पूर्व स्वीकृति लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिमको शर्त पालना गर्ने गरी मान्यता दिनसक्ने छ । यसरी मान्यता प्राप्त गरेको प्रमाणीकरण गर्ने विदेशी निकायले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम अन्तर्गत नेपाल अधिराज्यमा प्रमाणपत्र जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिम प्रमाणीकरण गर्ने विदेशी निकायलाई मान्यता दिंदा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२४. **नियन्त्रकले निर्देशन जारी गर्न सक्नेः** प्रमाणीकरण गर्ने निकायले प्रमाणपत्र जारी गर्ने सम्बन्धमा यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम पूरा गर्नुपर्ने दायित्वहरु पालन गर्न लगाउन नियन्त्रकले समय समयमा निर्देशन जारी गर्नसक्ने छ । यसरी जारी गरिएको निर्देशनको पालना गर्नु प्रमाणीकरण गर्ने निकायको कर्तव्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. **नियन्त्रकले अधिकार प्रत्यायोजन गर्न सक्ने**: नियन्त्रकले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने काम गर्न आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार आफ्नो मातहतका कुनै अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

२६. **नियन्त्रकले जाँचबुझ गर्न सक्ने**: (१) प्रमाणीकरण गर्ने निकाय वा अन्य सम्बन्धित व्यक्तिबाट यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेका नियमको पालना नभएको भन्ने कुरामा नियन्त्रक विश्वस्त भएमा नियन्त्रक आफैले वा अन्य कुनै अधिकृत कर्मचारीद्वारा तत्सम्बन्धमा आवश्यक जाँचबुझ गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जाँचबुझमा सहयोग पुऱ्याउनु प्रमाणीकरण गर्ने निकायको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम गरिने जाँचबुझको सम्बन्धमा नियन्त्रक वा अन्य कुनै अधिकृत कर्मचारीले अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२७. **प्रमाणीकरण गर्ने निकायको कार्य सम्पादन परीक्षण**: (१) नियन्त्रकले प्रत्येक वर्ष प्रमाणीकरण गर्ने निकायको कार्य सम्पादनको परीक्षण गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन परीक्षण गर्नको लागि नियन्त्रकले कम्प्युटर सुरक्षणमा विशेषज्ञता हासिल गरेका मान्यता प्राप्त लेखा परीक्षक वा कम्प्युटर विशेषज्ञलाई नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको कार्य सम्पादन परीक्षणको प्रतिवेदन नियन्त्रकले आफ्नो कम्प्युटर तथ्याङ्क आधारमा राखी विद्युतीय स्वरुपमा प्रकाशन गर्नुपर्ने छ ।

(४) कार्य सम्पादन परीक्षण गर्ने परीक्षकको योग्यता, पारिश्रमिक र परीक्षणको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) नियन्त्रकले प्रमाणीकरण गर्ने निकायको सेवा स्तर निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने छ ।

२८. **नियन्त्रकले कम्प्युटर र तथ्याङ्कमा पहुँच पाउने**: (१) कसैले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियमको उल्लंघन गरेको छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भएमा कुनै पनि कम्प्युटंर प्रणाली, उपकरण, यन्त्र, तथ्याङ्क, सूचना प्रणाली वा त्यस्तो प्रणालीसँग जोडिएको कुनै पनि सामग्रीमा पहुँच पाउने अधिकार नियन्त्रकलाई हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११६

(२) उपदफा (१) को प्रयोजनको लागि नियन्त्रकले कुनै पनि कम्प्युटर प्रणाली, उपकरण, यन्त्र, तथ्याङ्क, सूचना प्रणाली वा त्यस्तो सूचना प्रणालीसँग जोडिएको कुनै पनि सामग्रीको धनी वा अन्य जिम्मेवार व्यक्तिलाई निजले आवश्यक ठानेको प्राविधिक वा अन्य सहायता उपलब्ध गराउन निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

२९. **अभिलेख राख्नुपर्ने:** (१) यस अध्यादेश बमोजिम जारी गरिएका सम्पूर्ण प्रमाणपत्रहरुको अभिलेख नियन्त्रकले राख्नुपर्ने छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि डिजिटल हस्ताक्षरको गोपनीयता र सुरक्षालाई सुनिश्चित गर्न नियन्त्रकले देहायका कार्यहरु गर्नेछ:-

(क) कम्प्युटर सुरक्षण प्रणाली उपयोग गर्ने,

(ख) डिजिटल हस्ताक्षरको गोपनीयता र अखण्डतालाई सुनिश्चित गर्न सुरक्षण कार्यविधि लागू गर्ने,

(ग) तोकिए बमोजिमको स्तरको पालना गर्ने ।

(३) नियन्त्रकले सबै सार्वजनिक साँचोहरुको एउटा कम्प्युटर प्रणालीमा आबद्ध कम्प्युटर तथ्याङ्क आधार अद्यावधिक रुपमा कायम गरी राख्नुपर्ने छ ।

(४) डिजिटल हस्ताक्षर सम्पुष्टि गर्ने प्रयोजनको लागि सार्वजनिक साँचो उपलब्ध गराउन अनुरोध गर्ने कुनै पनि व्यक्तिलाई नियन्त्रकले सार्वजनिक साँचो उपलब्ध गराउनुपर्ने छ ।

## परिच्छेद-५

## डिजिटल हस्ताक्षर तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था

३०. **प्रमाणीकरण गर्ने निकायले प्रमाणपत्र जारी गर्न सक्ने:** यस अध्यादेश बमोजिम इजाजतपत्र वा मान्यता प्राप्त गरेको प्रमाणीकरण गर्ने निकायले मात्र डिजिटल हस्ताक्षर प्रमाणपत्र जारी गर्न सक्नेछ ।

३१. **प्रमाणपत्र प्राप्त गर्नको लागि निवेदन दिनुपर्ने:** (१) प्रमाणपत्र प्राप्त गर्न चाहने कुनै पनि व्यक्तिले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको शुल्क तथा विवरणहरु समेत संलग्न गरी प्रमाणीकरण गर्ने निकाय समक्ष निवेदन दिनुपर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११६

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा प्रमाणीकरण गर्ने निकायले तोकिए बमोजिमको कार्यविधि पूरा गरी निवेदन प्राप्त भएको एक महिनाभित्र निवेदकलाई प्रमाणपत्र जारी गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय गरिसक्नुपर्ने छ ।

(३) प्रमाणीकरण गर्ने निकायले उपदफा (२) बमोजिम प्रमाणपत्र जारी गर्ने निर्णय गरेमा सात दिन भित्र आफ्नो हस्ताक्षर सहित तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको विवरण समावेश भएको प्रमाणपत्र जारी गर्नुपर्ने छ र प्रमाणपत्र जारी नगर्ने निर्णय गरेमा सोको कारण सहितको सूचना सात दिन भित्र निवेदकलाई दिनुपर्ने छ ।

३२. **प्रमाणपत्र निलम्बन गर्न सक्ने**: (१) प्रमाणीकरण गर्ने निकायले देहायका अवस्थामा प्रमाणपत्र निलम्बन गर्न सक्नेछः-

(क) प्रमाणपत्र प्राप्त गर्ने ग्राहक वा त्यस्तो ग्राहकको तर्फबाट अख्तियारी पाएको व्यक्तिले सो प्रमाणपत्रको निलम्बनको लागि अनुरोध गरेमा,

(ख) तोकिए वमोजिम सार्वजनिक हित विपरीत हुने अवस्थामा प्रमाणपत्रलाई निलम्वन गर्न आवश्यक भएमा,

(ग) प्रमाणपत्र जारी गर्दा यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियममा लेखिएको कुराको पालना नभएको कारणबाट त्यस्तो प्रमाणपत्र माथि भर पर्ने व्यक्तिहरुका लागि उल्लेखनीय हानी नोक्सानी हुनसक्ने देखिएमा सो कुराको कारण खुलाई त्यस्तो प्रमाणपत्र निलम्बन गर्न नियन्त्रकले निर्देशन दिएमा ।

(२) प्रमाणपत्रको निलम्वन र निलम्वनको फुकुवा गर्ने सम्वन्धी आधार र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३३. **प्रमाणपत्र रद्द गर्न सक्ने**: (१) नियन्त्रक वा प्रमाणीकरण गर्ने निकायले देहायका अवस्थामा प्रमाणपत्र रद्द गर्न सक्नेछः-

(क) प्रमाणपत्र प्राप्त गर्ने ग्राहक वा त्यस्तो ग्राहकको तर्फवाट अख्तियारी पाएको व्यक्तिले सो प्रमाणपत्र रद्द गरिपाउनको लागि अनुरोध गरेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८

(ख) तोकिए बमोजिम सार्वजनिक हित विपरीत हुने अवस्थामा प्रमाणपत्रलाई रद्द गर्न आवश्यक भएमा,

(ग) ग्राहकको मृत्यु भएमा,

(घ) ग्राहक कुनै कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो सङ्गठित संस्था वा कम्पनी प्रचलित कानून बमोजिम दामासाहीमा परेमा, खारेजी वा विघटन भएमा,

(ङ) प्रमाणपत्र जारी गर्दा पूरा गर्नुपर्ने कुनै शर्त पूरा नभएको प्रमाणित भएमा,

(च) प्रमाणपत्रमा स्पष्ट पारिएको कुनै आधारभूत तथ्य झुट्ठा प्रमाणित भएमा,

(छ) प्रमाणपत्रको विश्वसनीयतामा तात्विक रुपमा असर पर्ने गरी जोडी साँचो सिर्जना गर्न प्रयोग गरिएको साँचो वा सुरक्षण प्रणालीमा फेरबदल वा काँटछाँट गरिएमा ।

(२) प्रमाणपत्र रद्द गर्दा नियन्त्रक वा प्रमाणीकरण गर्ने निकायले पालना गर्नुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३४. **निलम्बन वा रद्द गरिएको सूचनाः** (१) दफा ३२ वा ३३ बमोजिम प्रमाणपत्रको निलम्बन वा रद्द गरिएकोमा त्यसरी प्रमाणपत्र रद्द गर्ने वा निलम्बन गर्ने प्रमाणीकरण गर्ने निकाय वा नियन्त्रकले सोको अभिलेख राखी त्यसको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निलम्बन वा रद्द गरिएको सूचना यथाशीघ्र ग्राहकलाई दिनुपर्ने दायित्व प्रमाणीकरण गर्ने निकायको वा अवस्था अनुसार नियन्त्रकको हुनेछ ।

## परिच्छेद- ६

## ग्राहकको काम, कर्तव्य र अधिकार

३५. **जोडी साँचो सिर्जना गर्नेः** (१) प्रमाणीकरण गर्ने निकायबाट जारी गरिएको र ग्राहकद्वारा स्वीकार गरिएको प्रमाणपत्रमा सूचीकृत गरिनु पर्ने सार्वजनिक साँचो समावेश भएको जोडी साँचो ग्राहकले नै सिर्जना गर्नुपर्ने भएमा ग्राहकले त्यस्तो जोडी साँचो सिर्जना गर्दा सुरक्षित एसिमेट्रिक क्रिप्टोसिस्टमको प्रयोग गर्नुपर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जोडी साँचो सिर्जना गर्न प्रयोग गर्नुपर्ने सुरक्षण प्रणालीको सम्बन्धमा ग्राहक र प्रमाणीकरण गर्ने निकायका बीचमा कुनै सम्झौता भएको वा प्रमाणीकरण गर्ने निकायले कुनै खास प्रणालीलाई स्वीकृत गरेको अवस्थामा त्यसरी सम्झौता भएको वा स्वीकृत गरेको सुरक्षण प्रणाली प्रयोग गर्नु ग्राहकको कर्तव्य हुनेछ ।

३६. **प्रमाणपत्र स्वीकार गर्नेः** (१) देहायका अवस्थामा ग्राहकले प्रमाणपत्र स्वीकार गरेको मानिनेछः-

(क) निजले सो प्रमाणपत्र प्रकाशन गरेमा वा प्रकाशनको लागि एक वा एक भन्दा बढी व्यक्तिहरुलाई अख्तियारी प्रदान गरेमा, वा

(ख) निजले सो प्रमाणपत्रलाई स्वीकार गरेको छ भनी विश्वास गर्न सकिने कुनै आधार भएमा ।

(२) प्रमाणपत्रलाई स्वीकार गरेको भएमा सो कारणबाट ग्राहकले सो प्रमाणपत्रमा उल्लेख भएको कुनै सूचनामाथि भर पर्ने व्यक्तिलाई देहायका कुराहरुको प्रत्याभूति गरेको मानिनेछः-

(क) ग्राहकले प्रमाणपत्रमा सूचीकृत गरिएको सार्वजनिक साँचोसंग सङ्गति राख्ने निजी साँचो धारण गर्ने अख्तियारी पाएको,

(ख) प्रमाणपत्र जारी गर्ने सिलसिलामा ग्राहकले प्रमाणीकरण गर्ने निकायलाई उपलब्ध गराएको सम्पूर्ण सूचना तथा जानकारी सही र दुरुस्त भएको तथा प्रमाणपत्रमा समाविष्ट भएका सूचनासंग सम्बद्ध सबै तथ्यहरु सत्य भएको, र

(ग) ग्राहकलाई जानकारी भएसम्म वा निजले जानेबुझेसम्म प्रमाणपत्रमा उल्लेख भएका सूचना सत्य र दुरुस्त भएको ।

३७. **निजी साँचोलाई सुरक्षित साथ राख्नुपर्नेः** (१) प्रत्येक ग्राहकले आफूले प्राप्त गरेको प्रमाणपत्रमा सूचीकृत गरिएको सार्वजनिक साँचोसंग सङ्गति राख्ने निजी साँचोलाई सुरक्षित राख्ने होशियारी अपनाउनु पर्नेछ र ग्राहकको डिजिटल हस्ताक्षर सिर्जना गर्ने अख्तियारी नपाएको कुनै पनि व्यक्तिलाई त्यस्तो साँचो बारे जानकारी हुन दिनवाट रोक्न आवश्यक सबै उपायहरु अवलम्बन गर्नुपर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ग्राहकको निजी साँचो बारे कुनै कारणबाट कतै जानकारी गराएको भएमा वा सो साँचोमा कुनै काँटछाँट हुन गएमा ग्राहकले सोको सूचना यथाशीघ्र प्रमाणीकरण गर्ने निकायलाई दिनु पर्नेछ र त्यस्तो सूचना प्राप्त हुन आएमा प्रमाणीकरण गर्ने निकायले तुरुन्त सो प्रमाणपत्र निलम्बन गर्नु पर्नेछ ।

(३) यस अध्यादेश बमोजिम प्रमाणपत्र निलम्बन भएमा त्यस्तो निलम्बन अवधिभर यो दफा बमोजिम निजी साँचो सुरक्षित राख्नु ग्राहकको कर्तव्य हुनेछ ।

३८. **निजी साँचो नियन्त्रकसमक्ष दाखिला गर्नुपर्ने:** (१) नेपाल अधिराज्यको सार्वभौमिकता वा अखण्डताको रक्षा गर्न वा मित्रराष्ट्रहरुसँगको मैत्रीपूर्ण सम्बन्धलाई कायम राख्न, शान्ति सुरक्षा कायम राख्न, प्रचलित कानून बमोजिम कसूर ठहर्ने कुनै कार्य हुनबाट रोक्न वा तोकिए बमोजिमको अन्य अवस्थामा नियन्त्रकले कुनै ग्राहकलाई कारण खुलाई निजी साँचो आफूसमक्ष दाखिला गर्न आवश्यक ठानी निर्देशन दिएमा त्यस्तो ग्राहकले सो निजी साँचो तुरुन्त नियन्त्रक समक्ष दाखिला गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दाखिला भएको निजी साँचो बारे नियन्त्रकले कुनै पनि अनधिकृत व्यक्तिलाई जानकारी गराउन हुँदैन ।

## परिच्छेद-७

## विद्युतीय अभिलेख र डिजिटल हस्ताक्षरको सरकारी प्रयोग

३९. **विद्युतीय स्वरुपमा सरकारी कागजपत्रहरु प्रकाशन गर्न सकिने:** (१) श्री ५ को सरकारले प्रचलित कानून बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने अध्यादेश, ऐन, नियम, विनियम, गठन आदेश, सूचना वा अन्य विषयलाई विद्युतीय स्वरुपमा समेत प्रकाशन गर्न सक्नेछ ।

(२) सरकारी निकाय वा सार्वजनिक संस्था वा नेपाल अधिराज्यभित्र कारोबार गर्ने बैङ्क वा वित्तीय संस्थामा प्रचलित कानून बमोजिम फाइलिङ्ग गर्नुपर्ने कुनै फाराम, निवेदन वा अन्य कुनै कागजात वा सिर्जना गर्नुपर्ने वा सुरक्षित राख्नु पर्ने वा संरक्षण गर्नुपर्ने कुनै अभिलेख वा जारी गर्नुपर्ने वा दिनु पर्ने कुनै इजाजतपत्र वा अनुमतिपत्र वा स्वीकृति वा प्रमाणपत्र वा भुक्तानी लिनुपर्ने कुनै रकमलाई विद्युतीय स्वरुपमा पनि फाइलिङ्ग गर्न, सिर्जना गर्न, सुरक्षित राख्न वा संरक्षण गर्न वा जारी गर्न वा प्रदान गर्न वा विद्युतीय सञ्चार माध्यम मार्फत भुक्तानी लिन दिन सकिनेछ र यसरी विद्युतीय स्वरुप वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विद्युतीय सञ्चार माध्यम प्रयोग भएको कारणबाट त्यस्ता फारम, निवेदन, कागजात, अभिलेख, इजाजतपत्र, अनुमतिपत्र वा स्वीकृति, प्रमाणपत्र वा भुक्तानीलाई कानूनी मान्यता दिनबाट इन्कार गरिने छैन ।

४०. **विद्युतीय स्वरुपमा कागजपत्रहरु स्वीकार गर्ने:** (१) सरकारी निकाय वा सार्वजनिक संस्था वा नेपाल अधिराज्यभित्र कारोबार गर्ने बैङ्क वा वित्तीय संस्थाले आफूसमक्ष प्रचलित कानून बमोजिम पेश वा दाखिला हुनुपर्ने कागजात र भुक्तानी हुनुपर्ने रकमलाई विद्युतीय स्वरुपमा वा विद्युतीय सञ्चार माध्यम मार्फत पनि स्वीकार गर्न सक्नेछन् र यसरी विद्युतीय स्वरुपमा वा विद्युतीय सञ्चार माध्यम मार्फत स्वीकार गरिएको कारणबाट मात्र त्यस्तो कागजात वा भुक्तानीलाई कानूनी मान्यता दिनबाट इन्कार गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको अवस्थामा र तोकिएका सरकारी निकायहरु बाहेक अन्य सरकारी निकाय वा सार्वजनिक संस्था वा नेपाल अधिराज्यभित्र कारोबार गर्ने बैङ्क वा वित्तीय संस्थालाई कसैले विद्युतीय स्वरुपमा कागजातहरु स्वीकार गर्न वा विद्युतीय स्वरुपमा भुक्तानी लिन दिन र त्यस्तो निकाय वा संस्थाले कुनै व्यक्तिलाई विद्युतीय स्वरुपमा कागजातहरु स्वीकार गर्न वा विद्युतीय स्वरुपमा भुक्तानी लिन दिन तोकिएको अवस्था र निकाय बाहेक अरुलाई बाध्य गरिने छैन ।

(३) उपदफा (१) को प्रयोजनको लागि अपनाउनु पर्ने कार्यविधि, प्रक्रिया तथा ढाँचा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. **सरकारी कार्यालयहरुमा डिजिटल हस्ताक्षरको प्रयोग:** (१) सरकारी निकाय वा सार्वजनिक संस्था वा नेपाल अधिराज्यभित्र कारोबार गर्ने बैङ्क वा वित्तीय संस्थाबाट सम्प्रेषण गरिने वा जारी गरिने वा त्यस्तो निकाय वा संस्थाबाट स्वीकार गरिने वा प्राप्त गरिने कुनै कागजात वा अभिलेखको प्रामाणिकताको लागि सो कागजात वा अभिलेखमा सम्बन्धित व्यक्तिको हस्ताक्षर भएको हुनुपर्ने भनी व्यवस्था भएकोमा श्री ५ को सरकारले उपयुक्त सम्झेमा त्यस्तो हस्ताक्षरको सट्टा डिजिटल हस्ताक्षर गर्न सक्ने गरी व्यवस्था गर्नसक्ने छ ।

(२) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले उपदफा (१) को प्रयोजनको लागि त्यस्तो डिजिटल हस्ताक्षरको प्रमाणिकता र सत्यताको लागि थप सुरक्षण कार्यविधि तोक्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमका निकाय वा संस्थाले प्रयोग गर्ने डिजिटल हस्ताक्षरको सम्बन्धमा प्रमाणीकरण गर्ने निकाय र डिजिटल हस्ताक्षर प्रमाणपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## नेटवर्क सेवा सम्बन्धी व्यवस्था

४२. **नेटवर्क सेवा प्रदान गर्नेको दायित्व:** नेटवर्क सेवा प्रदान गर्नेको रुपमा आफ्नो सेवा उपलब्ध गराउने मध्यस्थकर्ताहरुले आफूले त्यसरी उपलब्ध गराएको सेवाका सम्बन्धमा देहाय बमोजिमको दायित्व व्यहोर्नु पर्नेछः-

(क) सेवा प्रदान गर्ने सम्बन्धमा ग्राहकसँग भएको सम्झौतामा उल्लेख भएको दायित्व,

(ख) नेटवर्क सेवा प्रदान गर्नेको इजाजत पत्रमा उल्लेख भएको दायित्व, र

(ग) तोकिए बमोजिमको अन्य दायित्व ।

४३. **नेटवर्क सेवा प्रदान गर्नेले दायित्व व्यहोर्नु नपर्ने:** दफा ४२ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेटवर्क सेवा प्रदान गर्नेले विद्युतीय स्वरुपमा उपलब्ध गराएको तेस्रो पक्षको सूचना वा तथ्याङ्कको सम्बन्धमा त्यस्तो सूचना वा तथ्याङ्कमा पहुँच उपलब्ध गराएको कारणबाट मात्र सो सूचना वा तथ्याङ्कमा उल्लेख वा समावेश भएको कुनै तथ्य वा विवरणको सम्बन्धमा उत्पन्न हुने कुनै फौजदारी वा देवानी दायित्व व्यहोर्नुपर्ने छैन ।

तर सो सूचना वा तथ्याङ्कमा उल्लेख वा समावेश भएको कुनै तथ्य वा विवरणले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको कुनै नियमको उल्लंघन गरेको छ भन्ने जानी जानी त्यस्तो सूचना वा तथ्याङ्कमा पहुँच उपलब्ध गराउने नेटवर्क सेवा प्रदान गर्ने व्यक्ति वा संस्था त्यस्तो दायित्वबाट मुक्त हुने छैन ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "तेस्रो पक्ष" भन्नाले नेटवर्क सेवा प्रदान गर्नेले मध्यस्थकर्ताको रुपमा सेवा उपलब्ध गराएको र नेटवर्क सेवा प्रदान गर्नेको कुनै नियन्त्रण नभएको व्यक्ति सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-९

## कम्प्युटर सम्बन्धी कसूर

४४. **कम्प्युटर श्रोत सङ्केतको चोरी, नष्ट वा परिवर्तन गर्नेः** प्रचलित कानूनले कम्प्युटर श्रोतको सङ्केत (सोर्स कोड) लाई यथावत् राख्ने गरी तत्काल व्यवस्था गरेको अवस्थामा कुनै व्यक्तिले कुनै कम्प्युटर, कम्प्युटर कार्यक्रम, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कका लागि प्रयोग हुने कम्प्युटर श्रोतको सङ्केत (सोर्स कोड) लाई जानी जानी वा बदनियत राखी चोरी गरेमा, नष्ट गरेमा, परिवर्तन गरेमा वा त्यस्तो काम गर्न लगाएमा निजलाई तीन वर्षसम्म कैद वा दुई लाख रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "कम्प्युटर श्रोत सङ्केत" (कम्प्युटर सोर्स कोड) भन्नाले कम्प्युटर कार्यक्रमहरुको सूचीकरण, कम्प्युटर निर्देशन (कमान्ड), कम्प्युटर डिजाइन र कम्प्युटर लेआउट तथा कम्प्युटर सम्पदाको जुनसुकै स्वरुपमा रहेको कार्यक्रम विश्लेषण (प्रोग्राम एनालिसिस) लाई सम्झनु पर्छ ।

४५. **कम्प्युटर सामग्रीमा अनधिकृत पहुँचः** कुनै व्यक्तिले कुनै कम्प्युटरमा रहेको कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने मनसायबाट सो कम्प्युटरको धनी वा जिम्मेवार व्यक्तिबाट कुनै अख्तियारी नलिई सो कम्प्युटरको प्रयोग गरेमा वा अख्तियारी लिएको अवस्थामा पनि अख्तियारी दिइएको भन्दा भिन्न कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने उद्देश्यले कुनै कार्य गरेमा निजलाई कसूरको गम्भीरता हेरी दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

४६. **कम्प्युटर र सूचना प्रणालीमा क्षति पुर्‍याउनेः** कुनै व्यक्तिले कुनै संस्थालाई गलत तरिकाले हानी नोक्सानी पुर्‍याउने मनसाय राखी जानी जानी कम्प्युटर सम्पदामा रहेको कुनै सूचनालाई कुनै पनि व्यहोराबाट नष्ट गरेमा, क्षति पुर्‍याएमा, मेटाएमा, हेरफेर गरेमा, काम नलाग्ने बनाएमा वा त्यस्तो सूचनाको मूल्य र प्रयोगको महत्वलाई ह्रास गराएमा वा हानिकारक प्रभाव पारेमा वा कसैलाई त्यस्तो काम गर्न लगाएमा निजलाई दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

४७. **विद्युतीय स्वरुपमा गैरकानूनी कुरा प्रकाशन गर्नेः** (१) कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कसूर पटक पटक गरेमा प्रत्येक पटक अघिल्लो पटक भएको सजायको डेढी सजाय हुनेछ ।

४८. **गोपनीयता भङ्ग गर्ने**: यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेका नियमहरु वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेका नियमहरु अन्तर्गत प्रदान गरिएको कुनै अधिकार बमोजिम कुनै विद्युतीय अभिलेख, किताब, रजिष्टर, पत्रव्यवहार, सूचना, कागजात वा अन्य सामग्रीहरुमा पहुँच प्राप्त गरेको कुनै व्यक्तिले कुनै अनधिकृत व्यक्तिलाई त्यस्तो अभिलेख, किताब, रजिष्टर, पत्रव्यवहार, सूचना, कागजात वा सामग्रीको गोपनीयता भङ्ग गरेमा वा भङ्ग गर्न लगाएमा निजलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

४९. **झुट्ठा व्यहोराको सूचना दिने**: कुनै व्यक्तिले प्रमाणीकरण गर्ने निकायको इजाजतपत्र प्राप्त गर्ने वा अन्य कुनै मनसायले नियन्त्रक समक्ष वा डिजिटल हस्ताक्षर प्रमाणपत्र प्राप्त गर्ने वा अन्य कुनै मनसायले प्रमाणीकरण गर्ने निकाय समक्ष पेश गर्ने कुनै व्यहोरा जानीजानी लुकाएमा वा ढाँटेमा वा जानाजानी झुट्ठा व्यहोरा पेश वा दाखिला गरेमा निजलाई एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

५०. **झुट्ठा इजाजतपत्र वा प्रमाणपत्र पेश गर्ने वा देखाउने**: (१) यो अध्यादेश बमोजिम नियन्त्रकले जारी गरेको इजाजतपत्र प्राप्त नगरी प्रमाणीकरण गर्ने निकायको रुपमा कार्य गर्ने कुनै पनि व्यक्तिलाई कसूरको गम्भीरता हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कुनै व्यक्तिले आफूलाई प्रमाणीकरण गर्ने निकायको इजाजतपत्र प्राप्त नभई त्यस्तो इजाजतपत्र प्राप्त भएको छ भनी झुट्ठा व्यहोरा वा झुट्ठा इजाजतपत्र प्रकाशन गरेमा वा कुनै व्यक्तिलाई अन्य कुनै व्यहोराले उपलब्ध गराएमा निजलाई निजले उपदफा (१) बमोजिमको कुनै कार्य गरिनसकेको अवस्थामा एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

922

(३) कुनै व्यक्तिले प्रमाणपत्रमा उल्लेख भएको प्रमाणीकरण गर्ने निकायले सो प्रमाणपत्र जारी गरेको होइन वा सो प्रमाणपत्रमा सूचीकृत गरिएको ग्राहकले सो प्रमाणपत्र स्वीकार गरेको छैन वा सो प्रमाणपत्र निलम्बन वा रद्द भइसकेको छ भन्ने जानी जानी त्यस्तो प्रमाणपत्रको प्रकाशन गरेमा वा अन्य कुनै व्यक्तिलाई कुनै व्यहोराले उपलब्ध गराएमा निजलाई एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

तर निलम्बन वा रद्द भइसकेको प्रमाणपत्रलाई त्यसरी रद्द वा निलम्बन हुनु अगाडि गरिएको डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्ने प्रयोजनको लागि प्रकाशन गरिएको वा उपलब्ध गराइएकोमा यस उपदफा बमोजिमको कसूर गरेको मानिने छैन ।

५१. **तोकिएको विवरण वा कागजात दाखिला नगर्ने**: (१) यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेका नियमहरु बमोजिम नियन्त्रक वा प्रमाणीकरण गर्ने निकाय समक्ष कुनै विवरण, कागजात वा प्रतिवेदन दाखिला गर्नुपर्ने जिम्मेवारी भएको व्यक्तिले तोकिएको म्यादभित्र त्यस्तो विवरण, कागजात वा प्रतिवेदन दाखिला नगरेमा निजलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेका नियमहरु बमोजिम रीतपूर्वक सुरक्षितसाथ राख्नुपर्ने कुनै किताब, रजिष्टर, स्रेस्ता, लेखा आदि सुरक्षित तथा रीतपूर्वक नराख्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

५२. **कम्प्युटर जालसाजी गर्ने**: कुनै व्यक्तिले कुनै जालसाजी गर्ने वा अन्य कुनै गैरकानूनी कार्य गर्ने उद्देश्यले डिजिटल हस्ताक्षर प्रमाणपत्र सिर्जना गरेमा, प्रकाशन गरेमा वा अन्य व्यहोराले उपलब्ध गराएमा वा कुनै बिलको भुक्तानी रकम, कसैको खाताको बाँकी मौज्दात (ब्यालेन्स), कुनै आपूर्ति र भण्डार (इन्भेण्टरी) अथवा बैङ्क भुक्तानी कार्ड (ए.टी.एम.कार्ड) हरुमा मिलोमतो गरी वा अन्य कुनै तरिकाले जालसाजी गरी लाभ उठाएमा त्यसरी उठाएको आर्थिक लाभको बिगो कायम गरी सम्वन्धितलाई कसुर गर्नेसँग भराई त्यस्ता कसूरदारलाई एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

५३. **कम्प्युटर सम्बन्धी कसूर गर्न दुरुत्साहन**: यस अध्यादेश बमोजिमको कम्प्युटर सम्बन्धी कसूर गर्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कसूर गर्न उद्योग गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२६

वा षड्यन्त्रमा सामेल हुने व्यक्तिलाई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

५४. **मतियारलाई सजाय:** यस अध्यादेश बमोजिमका कुनै कसूर गर्न सघाउने वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई भएको सजायको आधा सजाय हुनेछ ।

५५. **नेपाल अधिराज्य बाहिर बसेर गरेको कसूरमा हुने सजाय:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले यस अध्यादेश बमोजिम कसूर हुने कुनै काम नेपाल अधिराज्य बाहिर रहेर गरेको भए तापनि त्यस्तो कसूर गरिएको कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्क प्रणाली नेपालमा अवस्थित भएमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई यस अध्यादेश बमोजिम मुद्दा चलाई सजाय गर्न सकिनेछ ।

५६. **जफत गर्ने:** यस अध्यादेश बमोजिम कम्प्युटर सम्बन्धी कसूर ठहर्ने कुनै कसूर गर्न प्रयोग गरिएको कुनै पनि कम्प्युटर, कम्प्युटर प्रणाली, फ्लपी, कम्प्याक्ट डिक्स, टेप ड्राइभ, सफ्टवेयर वा अन्य सहायक उपकरणहरु जफत गरिनेछ ।

५७. **सङ्गठित संस्थाले गरेको कसूर:** (१) यस अध्यादेश बमोजिम कसूर ठहर्ने कुनै कुरा सङ्गठित संस्थाले गरेमा सो कसूर गर्दाका बखत सो सङ्गठित संस्थाको सञ्चालनको लागि प्रमुख रुपमा जिम्मेवार व्यक्तिले सो कसूर गरेको मानिनेछ ।

तर त्यस्तो सङ्गठित संस्थाको सञ्चालनको लागि प्रमुख रुपमा जिम्मेवार व्यक्तिले त्यस्तो कसूर आफ्नो जानकारी बिना भएको वा कसूर हुन नदिन निजले मनासिब माफिकका सबै प्रयत्नहरु गरेको थियो भनी प्रमाणित गर्न सकेमा निजलाई सो कसूरको लागि दोषी ठहऱ्याइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सङ्गठित संस्थाले यस अध्यादेश बमोजिम गरेको कसूर सो सङ्गठित संस्थाको सञ्चालक, व्यवस्थापक, सचिव वा अन्य जिम्मेवार व्यक्तिको सहमतिमा वा जानकारीमा वा लापरबाहीका कारणबाट हुन गएको भन्ने प्रमाणित भएमा सो संगठित संस्था र सो सङ्गठित संस्थाको सञ्चालक, व्यवस्थापक, सचिव वा अन्य जिम्मेवार व्यक्तिले गरेको मानिनेछ ।

५८. **अन्य सजाय:** यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियमको उल्लंघन भएकोमा त्यस्तो उल्लंघनका लागि कुनै सजायको व्यवस्था गरिएको रहेनछ भने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो उल्लंघनकर्तालाई त्यस्तो उल्लंघनको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

५९. **प्रचलित कानून बमोजिम सजाय गर्न बाधा नपुग्ने:** यस अध्यादेश अन्तर्गत कसुर ठहरिने कुनै अपराधमा अन्य कुनै प्रचलित कानून बमोजिम अन्य कसुर पनि ठहरिने रहेछ भने त्यस्तो कसुर उपर कारबाही चलाई सजाय गर्न यस अध्यादेशले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-१०
## सूचना प्रविधि न्यायाधिकरण सम्बन्धी व्यवस्था

६०. **न्यायाधिकरणको गठन:** (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिच्छेद-९ मा उल्लेख भए बमोजिमका कम्प्युटर सम्बन्धी कसूरहरुको शुरु कारबाही र किनारा गर्न दफा ६१ बमोजिमको योग्यता पुगेका व्यक्तिहरुमध्येबाट कानून सदस्य, सूचना प्रविधि सदस्य र वाणिज्य सदस्य भएको तीन सदस्यीय सूचना प्रविधि न्यायाधिकरणको गठन गर्नेछ ।

(२) कानून सदस्य न्यायाधिकरणको अध्यक्ष हुनेछ ।

(३) न्यायाधिकरणले आफ्नो अधिकार क्षेत्रको प्रयोग तोकिए बमोजिम गर्नेछ ।

(४) न्यायाधिकरणले गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश वा निर्णय भएको मितिले ३५ दिनभित्र पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न सक्नेछ ।

६१. **न्यायाधिकरणका सदस्यको योग्यता:** (१) सूचना प्रविधि सम्बन्धी विषयमा ज्ञान भई जिल्ला अदालतको न्यायाधीश भैरहेको, भैसकेको वा हुन योग्यता पुगेको व्यक्ति न्यायाधिकरणको कानून सदस्य हुन योग्य हुनेछ ।

(२) कम्प्युटर विज्ञान वा सूचना प्रविधि सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर भई विद्युतीय कारोबार, सूचना प्रविधि वा विद्युतीय सञ्चारको क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त नेपाली नागरिक न्यायाधिकरणको सूचना प्रविधि सदस्य हुन योग्य हुनेछ ।

(३) व्यवस्थापन वा वाणिज्यशास्त्रमा कम्तीमा स्नातकोत्तर भई विद्युतीय कारोबारको क्षेत्रमा विशेषज्ञता हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त नेपाली नागरिक न्यायाधिकरणको वाणिज्य सदस्य हुन योग्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२८

६२. **न्यायाधिकरणका सदस्यहरुको पदावधि, पारिश्रमिक र सेवाका शर्तः** (१) न्यायाधिकरणका सदस्यको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ ।

(२) न्यायाधिकरणका सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(३) न्यायाधिकरणका प्रत्येक सदस्यले आफू नियुक्त भएपछि कार्यभार सम्हाल्नु अघि सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीश समक्ष आफ्नो पद तथा गोपनीयताको तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

६३. **पद रिक्त हुने अवस्था र रिक्त पदको पूर्तिः** (१) न्यायाधिकरणको सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछः-

(क) पदावधि समाप्त भएमा,

(ख) त्रिसठ्ठी वर्ष उमेर पूरा भएमा,

(ग) मृत्यु भएमा,

(घ) राजीनामा दिएमा,

(ङ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा, वा

(च) आफ्नो पद अनुसारको आचरण नगरेको वा कर्तव्य पालना गर्न असक्षम भएको आरोपमा श्री ५ को सरकारले छानबीन गर्दा खराब आचरण गरेको वा आफ्नो कर्तव्य पालना गर्न असक्षम भएको प्रमाणित भएमा,

तर यस खण्ड बमोजिमको आरोप लगाइएको न्यायाधिकरणको सदस्यलाई सफाइ पेश गर्ने मनासिब माफिकको मौका दिनुपर्ने छ ।

(२) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधिकरणको कानून सदस्य बहालवाला न्यायाधीश भएमा त्यसरी छानबीन गर्दा निजको सेवाशर्त तथा सुविधा सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिमको प्रयोजनका लागि छानबीन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(४) उपदफा (१) बमोजिम न्यायाधिकरणको कुनै सदस्यको पद रिक्त हुन आएमा श्री ५ को सरकारले दफा ६१ बमोजिम योग्यता पुगेका व्यक्तिहरुमध्येबाट (बाँकी अवधिका लागि) रिक्त पदको पूर्ति गर्नेछ ।

६४. **न्यायाधिकरणका कर्मचारी:** (१) न्यायाधिकरणलाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी श्री ५ को सरकारले उपलब्ध गराउनेछ ।

(२) न्यायाधिकरणको कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६५. **न्यायाधिकरणले पालना गर्नुपर्ने कार्यविधि:** न्यायाधिकरणले दफा ६० बमोजिम मुद्दाको शुरु कारबाही र किनारा गर्दा तोकिए बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

## परिच्छेद-११

## सूचना प्रविधि पुनरावेदन न्यायाधिकरण सम्बन्धी व्यवस्था

६६. **पुनरावेदन न्यायाधिकरणको स्थापना र गठन:** (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी न्यायाधिकरणले गरेको निर्णय वा आदेश उपर पुनरावेदन सुन्न र यस अध्यादेश बमोजिम नियन्त्रक वा प्रमाणीकरण गर्ने निकायले गरेको निर्णय वा आदेश उपर पुनरावेदन सुन्न दफा ६७ बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट कानून सदस्य, सूचना प्रविधि सदस्य र वाणिज्य सदस्य भएको तीन सदस्यीय सूचना प्रविधि पुनरावेदन न्यायाधिकरणको गठन गर्नेछ ।

(२) कानून सदस्य पुनरावेदन न्यायाधिकरणको अध्यक्ष हुनेछ ।

(३) पुनरावेदन न्यायाधिकरणको क्षेत्राधिकारको प्रयोग तोकिए बमोजिम हुनेछ ।

६७. **पुनरावेदन न्यायाधिकरणको सदस्यको योग्यता:** (१) सूचना प्रविधि सम्बन्धी विषयमा ज्ञान भई पुनरावेदन अदालतको न्यायाधीश भैरहेको, भैसकेको वा हुन योग्यता पुगेको व्यक्ति पुनरावेदन न्यायाधिकरणको कानून सदस्य हुन योग्य हुनेछ ।

(२) कम्प्युटर विज्ञान वा सूचना प्रविधि सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर भई विद्युतीय कारोबार, सूचना प्रविधि वा विद्युतीय सञ्चारको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त नेपाली नागरिक न्यायाधिकरणको सूचना प्रविधि सदस्य हुन योग्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) व्यवस्थापन वा वाणिज्यशास्त्रमा कम्तीमा स्नातक भई विद्युतीय कारोबारको क्षेत्रमा विशेषज्ञता हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त नेपाली नागरिक वाणिज्य सदस्य हुन योग्य हुनेछ ।

६८. **पुनरावेदन न्यायाधिकरणको सदस्यको पदावधि, पारिश्रमिक र सेवाका शर्त:** (१) पुनरावेदन न्यायाधिकरणको सदस्यको पदावधि पाँच वर्षको हुनेछ र निज पुन: नियुक्त हुन सक्नेछ ।

(२) पुनरावेदन न्यायाधिकरणको सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(३) पुनरावेदन न्यायाधिकरणको सदस्यले आफू नियुक्त भएपछि कार्यभार सम्हाल्नु अघि सर्वोच्च अदालतको प्रधान न्यायाधीश समक्ष आफ्नो पद तथा गोपनीयताको तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

६९. **पद रिक्त हुने अवस्था र रिक्त पदको पूर्ति:** (१) पुनरावेदन न्यायाधिकरणको सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछ:-

(क) पदावधि समाप्त भएमा,

(ख) त्रिसट्ठी वर्ष उमेर पूरा भएमा,

(ग) मृत्यु भएमा,

(घ) राजीनामा दिएमा,

(ङ) नैतिक पतन देखिने फौजदारी अपराधमा अदालतबाट दोषी प्रमाणित भएमा, वा

(च) आफ्नो पद अनुसारको आचरण नगरेको वा कर्तव्य पालना गर्न असक्षम भएको आरोपमा श्री ५ को सरकारले छानबीन गर्दा खराब आचरण गरेको वा आफ्नो कर्तव्य पालना गर्न असक्षम भएको प्रमाणित भएमा,

तर यस खण्ड बमोजिमको आरोप लगाइएको पुनरावेदन न्यायाधिकरणको सदस्यलाई सफाइ पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधिकरणको कानून सदस्य बहालवाला न्यायाधीश भएमा त्यसरी छानबीन गर्दा निजको सेवा शर्त तथा सुविधा सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२१

(३) उपदफा (१) को खण्ड (च) बमोजिमको प्रयोजनको लागि छानबीन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम पुनरावेदन न्यायाधिकरणको सदस्यको पद रिक्त हुन आएमा श्री ५ को सरकारले दफा ६७ बमोजिम योग्यता पुगेका व्यक्तिहरुमध्येबाट बाँकी अवधिको लागि रिक्त पदको पूर्ति गर्नेछ ।

७०. **पुनरावेदन न्यायाधिकरणका कर्मचारी:** (१) पुनरावेदन न्यायाधिकरणलाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी श्री ५ सरकारले उपलब्ध गराउनेछ ।

(२) पुनरावेदन न्यायाधिकरणको कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७१. **पुनरावेदन न्यायाधिकरणले अपनाउनु पर्ने कार्यविधि:** पुनरावेदन न्यायाधिकरणले आफू समक्ष परेको पुनरावेदन उपर कारबाही र किनारा गर्दा तोकिए बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

## परिच्छेद-१२

## विविध

७२. **सम्झौताद्वारा व्यवस्था गर्न सकिने:** विद्युतीय अभिलेख सृजना गर्ने, सम्प्रेषण गर्ने, प्राप्त गर्ने, जम्मा गर्ने वा अन्य कुनै किसिमबाट प्रशोधन गर्ने कार्यमा संलग्न पक्षहरुले तत्सम्बन्धी आफ्ना काम कारबाहीका सम्बन्धमा परिच्छेद-३ का कुनै वा सबै व्यवस्था लागू नहुने गरी वा सो परिच्छेदमा उल्लिखित व्यवस्थाहरुमा केही परिवर्तन गरी सो बमोजिम आफ्ना काम कारबाही व्यवस्थित हुने गरी सम्झौताद्वारा व्यवस्था गर्न सक्नेछन् ।

७३. **श्री ५ को सरकारले निर्देशन दिन सक्ने:** यो अध्यादेशको कार्यान्वयन गर्ने सम्बन्धमा श्री ५ को सरकारले नियन्त्रक तथा प्रमाणीकरण गर्ने निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु नियन्त्रक तथा प्रमाणीकरण गर्ने निकायको कर्तव्य हुनेछ ।

७४. **उजूर गर्ने हदम्याद:** यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियमको उल्लंघन भएकोमा वा यो अध्यादेश बमोजिम कसूर ठहर्ने कुनै कुरा भएकोमा त्यस्तो उल्लंघन वा कसूर भए गरेको थाहा पाएको मितिले पैंतीस दिनभित्र जाहेरी दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७५. **श्री ५ को सरकार वादी हुने**: (१) यस अध्यादेश बमोजिम कसूर ठहर्ने मुद्दा श्री ५ को सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको मुद्दामा अनुसन्धान गर्दा प्रहरीले नियन्त्रक वा अन्य सम्बन्धित विशेषज्ञको सहयोग लिनुपर्ने छ ।

७६. **क्षतिपूर्ति भराउनुपर्ने**: यस अध्यादेश बमोजिम कसूर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति समेत कसूरदारबाट भराई दिनुपर्ने छ ।

७७. **यो अध्यादेश लागू नहुने**: (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा यो अध्यादेश लागू हुने छैनः-

(क) विनिमेय अधिकारपत्र ऐन, २०३४ मा उल्लेख भए बमोजिमका विनिमेय अधिकारपत्रहरु,

(ख) बकसपत्र, राजीनामा, बन्धकी, कबुलियतपत्र, बण्डापत्र वा त्यस्तै प्रकृतिका अचल सम्पत्तिको हक हस्तान्तरण गर्ने लिखतहरु,

(ग) अचल सम्पत्ति उपर हक वा स्वामित्व जनाउने अन्य कुनै लिखतहरु,

(घ) वारेसनामा, फिरादपत्र, प्रतिउत्तरपत्र वा त्यस्तै अन्य प्रकारका अदालती कारबाहीमा प्रयोग हुने लिखतहरु,

(ङ) दावीपत्र, प्रतिदावीपत्र, प्रतिवादपत्र वा मध्यस्थताको कारबाहीमा लिखित रुपमा पेश गर्नुपर्ने अन्य त्यस्तै लिखतहरु,

(च) प्रचलित कानूनले विद्युतीय स्वरुपमा राख्न नहुने भनी तोकेका लिखतहरु ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा (१) मा उल्लिखित लिखतहरुमा आवश्यकतानुसार थपघट गर्न सक्नेछ ।

७८. **नियम बनाउने अधिकार**: यस अध्यादेशको उद्देश्य पूर्तिको लागि श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

७९. **निर्देशिका बनाई लागू गर्ने**: यस अध्यादेशको उद्देश्य पूर्ति गर्नको लागि श्री ५ को सरकारले यो अध्यादेश तथा यस अध्यादेश अन्तर्गत बनेका नियमहरुको अधीनमा रही आवश्यक निर्देशिका वनाई लागू गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३३

८०. **बचाउः** सम्बत् २०६१ साल भदौ ३० गते जारी भएको विद्युतीय (इलेक्ट्रोनिक) कारोबार अध्यादेश, २०६१ बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः- २०६१।११।२८।६

आज्ञाले,
डा. कुल रत्न भूर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित (मूल्यः रू. २५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

128